मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily




● वर्ष १ ● अंक १८३ ● २०८० साल जेठ ०१ गते सोमबार ● Monday 15, May.2023 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## फरार रायमाझी पक्राउ



**मधेशदृष्टि**
**काठमाडौं।**
नेकपा एमालेका निलम्बित केन्द्रीय सचिव टोपबहादुर रायमाझी पक्राउ परेका छन् । प्रतिनिधिसभा सदस्य समेत रहेका रायमाझी काठमाडौंस्थित बूढानीलकण्ठबाट पक्राउ परेका हुन् ।
उनीविरुद्ध काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको थियो । पक्राउ पुर्जी आउँदा उनी अर्घाखाँचीस्थित महेन्द्र विद्यावोध माध्यमिक विद्यालयको हिरक महोत्सव उद्धाटन कार्यक्रममा सहभागी भएका थिए। त्यहाँबाट उनी फरार थिए।
पूर्वमन्त्री रायमाझी भैरहवामा केही समय बसेर काठमाडौं आएको प्रहरी प्रधान कार्यालयले पक्राउ परेको जनाएका छन् ।
भुटानी शरणार्थीको नक्कली परिचयपत्र बनाएर नेपालीलाई अमेरिका पठाउने नाममा ठगी गरेको आरोपमा उनीमाथि छ।
नक्कली शरणार्थी प्रकरणमा उनले शरणार्थीको नाममा परिचयपत्र बनाएर नेपालीलाई अमेरिका पठाउने नाममा ठगेको आरोपमा पूर्वमन्त्री रायमाझी पक्राउ परेका थिए । सानु भण्डारीले प्रहरीले दिएको बयानमा रायमाझीको संलग्नता रहेको भनि खुलाएपछि उनलाई पक्राउ गरिएको हो ।

## उपाध्यक्ष मोटरसाइकलमा भाडामा ससुराको गाडी !



**मधेशदृष्टि**
**वीरगंज।**
सिरहाको नवराजपुर गाउँपालिकाकी उपाध्यक्ष पुनम कुमारी यादवले शक्ति दुरुपयोग गरेको पाइएको छ । उनले गाउँपालिकाको बजेटबाट ससुराको गाडीभाडा तरिरहेको खुलासा भएको छ।
प्र २-०१-००१ च ०४५७ नम्बरको गाडी पालिकाले भाडामा लिएको छ । गाडीभाडाबापत पालिकाले यादवलाई मासिक १ लाख २० हजार रुपैयाँ दिने गरेको छ । गाडी नवराजपुर गाउँपालिका-५ का तेजीलाल यादवको नाममा छ । तेजीलालका बुहारी नै पालिका उपाध्यक्ष हुन् । प्रमुख प्रशासकीय अधिकृत राजकिशोर साहले कार्यपालिकाको निर्णय अनुसार २०७९ भदौ १ गतेदेखि गाडी भाडामा लिएर उपाध्यक्ष यादवलाई चढ्न दिइएको बताए । गाडीका लागि मासिक १ सय लिटर डिजेल पनि दिइएको छ । उता, उपाध्यक्ष यादव भने गाउँपालिकाको सरकारी नम्बर प्लेट भएको मोटरसाइकलमा यात्रा गर्छिन् । मोटरसाइकल चढ्दा लाग्ने पेट्रोल पनि गाउँपालिकाले उपलब्ध गराउँदै आएको छ।

# चुरे दोहनले मधेशमा पानीको हाहाकार

**मधेशदृष्टि**
**जनकपुरधाम/वीरगंज।**
चुरे वन, जंगल तथा पहाड क्षेत्रबाट ढुंगा, गिट्टी र बालुवाको निकासी अवैध ढंगले भइरहँदा मौन देखिएको समाज यतिखेर पानीको प्यासले आकुलव्याकुल भएको छ । दोहन गर्नेहरु भने अझै सक्दो दोहनमा सक्रिय छन् ।
सरकारले नै विकास निर्माणजन्य सामग्री निकासी फुकुवा गरेर चुरे क्षेत्र तहसनहस पार्न साथ दिएपछि तराई-मधेशको समतल भूमि, मरुभूमिमा परिणत हुँदा पानीको हाहाकार देखिएको हो । चुरे क्षेत्रको वन, जंगल विनाससँगै ढुंगा, बालुवा, गिट्टीलगायतका सामग्री विकास निर्माणका नाममा अवैध ढंगले निकास भइरहँदा व्यवस्थित र रोकथामको प्रयास नहुनु नै केही वर्षमै पानीको स्रोत सुक्नुमा नतिजा देखिएको हो । केही वर्षअघि बालुवा, गिट्टी, ढुंगालगायतका सामग्री धनुषाको औरही नदीबाट अवैध ढंगले उत्खनन गरिरहेको अवस्थामा रोक्न खोज्दा दिलीप महतोको हत्या नै भयो ।
वन, जंगल विनासले गर्मीयाममा पानीको मुहान नै लोप हुने भएपछि पानीको हाहाकार र वर्षायाममा बाढी डुबान र कटानले चापाकल, इनारसहित बोरिङ्मा पनि पानीको मात्रा घट्दो छ । मुहानहरु सुकेका छन् ।
उद्योग, वन पर्यटन मन्त्री सुनिता यादव चुरे दोहनले समग्र तराई मधेश नै मरुभूमिमा रुपान्तरण हुनसक्ने बताउँछिन् । 'समयमै ध्यान दिन आवश्यक छ,' उनले भनिन् । यस्तै अवस्था रहे ४० वर्षपछि भारतको राजस्थान जस्तै समतल भूमि मरुभूमि हुने उनको अनुमान छ । वृक्षारोपण र वन जंगल कटान तथा ढुवानी निकासी बन्द गर्न उनको सुझाव पनि छ ।
राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी पक्षमा रहेका मुलुकको महासन्धि (युएनएफसिसिसी) अन्तर्गतको हरित जलवायु कोष (जिसिएफ) ले चुरे क्षेत्रमा काम गर्न करिब चार वर्षअघि नेपाललाई ४ अर्ब रुपैयाँ सहयोग गरेको थियो । रकमबाट वन तथा वातावरण मन्त्रालयले चुरे उत्थानशील आयोजना सञ्चालन भयो । रकम सिन्धुलीदेखि झापासम्मको चुरे र तल्लोतटीय क्षेत्रको चुरे संरक्षण र जोखिम न्यूनिकरणमा खर्च हुने जनाइएको छ।
सिन्धुलीदेखि इलामसम्मका ११ जिल्लाको चुरे क्षेत्रमा हुने सम्भावित जोखिम घटाउन समयमै सरकारले गम्भीरताका साथ ध्यान दिनुपर्ने देखिन्छ । हुन त मधेश प्रदेश सरकारले चुरे संरक्षणका लागि आगामी आर्थिक वर्षमा नेपाल सरकार, स्थानीय तह, अन्तर्राष्ट्रिय संघसंस्थालगायत सरोकारवालसँगको सहकार्यमा चुरे संरक्षण तथा पर्यावरणीय पर्यटनका लागि १८ करोड ३६ लाख रुपैयाँ विनियोजन गरेको छ।

## सुके चापाकल, बोरिङमा पनि समस्या

मौसम बदली भइरहेको छ, पश्चिम बंगालमा बनेको मौखाले नेपालमा पनि मौसम बदली भएको छ तर पानी परेको छैन । अनि मधेश प्रदेशमा चैं लामो सययदेखि वर्षा नहुँदा बढेको सुख्खापनले जमिनमुनि पानीको सतह घटदा जनजीवन प्रभावित भएको छ ।
लामो सययदेखि पानी नपरेका कारण जमिनमुनिका पानीको सतह सुकेपछि वीरगंजसहित बारा, पर्सामा चापाकल सुक्दा सर्वसाधारण प्रभावित भएका छन् । सहरी क्षेत्रसँगै विशेष गरी ग्रामीण भेगका चापाकल तथा बोरिङ सुक्ने क्रम बढेको छ । वीरगंज महानगरपालिकाको विर्ता, नगवा, जेलरोड, रेल्वेरोड, रानीघाट, श्रीपुर क्षेत्रका चापाकलका धारासमेत सुकेपछि नगरवासी प्रभावित भएका छन् । पर्साको ठोरी गाँउपालिका सुख्खापनले सबैभन्दा बढी प्रभावित भएको छ । बस्तीका चापाकल र बोरिङ सुकेपछि पानीको अभाव देखिएको छ । ठोरी-५ का गडुवालाइन, क्षेत्रीलाइन, बाघमोर्चा, आठघरे, बुद्धटोल, वडा नम्बरका विजयबस्ती, गोपीबस्ती, मालीबस्तीलगायतका बस्तीमा चापाकल र बोरिङ पानीविहीन भएका छन् । जमिनमुनि ६० फिट पाइप जडान भएका इनार र बोरिङ्मा पानी आउन छाडेको छ । चापाकलमा पानी आउन छाडेको छ । बोरिङ्मा पनि २५ प्रतिशत कमी भएको छ । वडाध्यक्ष अष्टबहादुर लोप्चनले भने, 'जमिनमुनि पानीको सतह घटेका कारण समस्या भएको छ ।' बारामा पनि समस्या भएको छ । निजगढ नगरपालिकाका केही वडामा पानीको संकट परेको छ । वडा नम्बर २ र ३ स्थित सिङ्गौलमा खानेपानी अभाव भएको छ । पानीको मूल सुकेर घरमा जडान भएका धारामा खानेपानी आउन छाडेको छ । पानी कम आउन थालेपछि दुई तले र तीन तले घर भएका केही उपभोक्ताले मोटरको प्रयोग गरेर घरको छतमा जडान गरिएको टयांकीमा पानी तान्न थालेका छन् । मोटरले पानी तान्न थालेपछि अन्य सर्वसाधारण उपभोक्ताको धारामा पानी कम आउन थालेको छ।





चुरे क्षेत्र संरक्षण तथा व्यवस्थापनमा काम गर्न संघीय सरकारले २०७१ सालदेखि राष्ट्रपति चुरे तराई-मधेश संरक्षण समितिमार्फत करिब १२ अर्ब रुपैयाँ भन्दा बढी रकम खर्च गरिसकेको छ। एक वर्षमा जम्मा १ सय २० दिन पानी पर्ने गरेको र यही सिञ्चित पानीले तराई मधेश क्षेत्रका बासीले उपभोग गरिरहेका राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति जनकपुर कार्यालयका कार्यक्रम कार्यान्वयन इकाइ प्रमुख शिव पोखरेलले जानकारी दिए।
हिमालय पर्वत अग्लिँदै जाँदा हिमालय र हिमालपारिको तिब्बती पठारबाट बगेर आउने गेग्रान/थेगर थुप्रिएको र त्यही गेग्रानको थुप्रो कालान्तरमा चुरे क्षेत्र बनेको हो । चुरे पहाड ३६ वटा जिल्लामा फैलिएको छ । चुरे ८ सय ५० किलोमिटरसम्म अवस्थित छ । चौडाइ १० देखि ५० किलोमिटर छ । समुद्री सतहदेखि १ सय २० मिटर (सप्तरी, ठेलिया) देखि १ हजार ९ सय ७२ मिटर (कैलाली, भासुभिर) सम्मको उचाइ चुरे पहाड हो । मुलुकको कुल भूभागको बाह्र दशमलव सात आठ प्रतिशत हिस्सा चुरे क्षेत्र हो । चुरे शृंखलाभित्र नदीले बनाएका केही खोंच पनि छन् । जसमा सिन्धुलीको मरिण खोंच, कमला खोंच, डडेल्धुराको रंगुन खोंच मुख्य हुन् । देउखुरी, सुर्खेत र चितवन भने दुन उपत्यकाभित्र पर्दछन् । चुरेभन्दा माथि भित्री तराई र महाभारत शृंखलासम्ममा फैलिएको छ।
चुरे क्षेत्रमा भइरहेको अवैधानिक दोहन र ससाना मानवीय गतिविधिले पनि यसलाई कमजोर बनाउँदै लगेको छ । चुरे क्षेत्रलाई पानी सञ्चित गर्ने भण्डारणका रुपमा पनि लिने गरिन्छ । यसले दक्षिण क्षेत्रतर्फ समथर फैलिएको तराईका लाखौं मानिसका लागि पानी सञ्चय गर्छ भने यससँगै प्राकृतिक विपत्ति नियन्त्रणमा पनि यसको मुख्य भूमिका रहँदै आएको छ । केही

*बाँकी पृष्ठ २ मा*

# मोबाइलकै कारण छोरा मारिएको परिवारको दाबी

### ● पीडामा परिवार

शम्भुनाथ नगरपालिका वडा नम्बर २ स्थित खैरवोनाका मो.लुकमान र वासिरन खातुनका २२ वर्षीय छोरा तफेजुलको मृत्युको खबर सुनेदेखि उनीहरु शोकमा परेका छन् । 'मलाई शनिबार साँझ मासु पकाएर राख्नु, भोलि काठमाडौं जान्छु भनेर गएको छोरालाई यो अवस्थामा देख्नु परेको कल्पनासमेत गरेको थिइनँ,' तफेजुलका आमा वारिसनले आँखाबाट आँसु झार्दै भनिन् । 'वैदेशिक रोजगारीमा गएको जेठो छोराको २ वर्षअघि नै कतारमा मृत्यु भइसकेको छ, अर्को छोरा तफेजुलको पनि यसरी मृत्यु हुँदा अब कसको आशामा कसरी बाँच्ने ?' उनले पीडा पोखिन् ।
उनले तफेजुललाई साथीहरुले नै मारेको आरोप लगाइन् । 'शनिवार दुईजना उनका साथी मेरो घरमा आएर छोरालाई बोलाएर लगे, त्यसपछि रातभर फर्केर आएनन्, उनीहरुले नै मेरो छोरालाई मारेको हो,' वारिसनको दाबी छ । तर, ती साथीलाई उनी अनुहारबाट चिन्छिन्, नाम भने थाहा छैन ।



### ● घट्ना र मोबाइल

केही दिनअघि तफेजुलको मोबाइल हराएको थियो । त्यो मोबाइल फेला पार्ने व्यक्तिले एकजनालाई बेचे । पछि तफेजुलले आफ्नो मोबाइल चिनेपछि किन्ने व्यक्तिसँग मोबाइल माग्न गए र त्यहींबाट विवाद सुरु भएको मृतकका ठूलीआमा नसो खातुनले बताइन् ।
उनले तफेजुलका साथीहरुको नाउँ आफूलाई थाहा नभएको तर मोबाइलकै कारण घटना हत्यासम्म पुगेको तर्क राखिन् । नसोले घटनाबारे बताइरहँदा त्यसमा ठूलो बुबा मो. सुहान र सानी आमा सकली खातुनले पनि सहमति जनाइन् ।
तफेजुलको शवनजिक प्रहरीले मोबाइल फेला पारेको छ भने करिब ४० मिटर पूर्व मृतकको सर्ट, कालो टोपी र चप्पल पनि फेला परेको छ । दोषी उम्कन नपाओस् भन्ने उद्देश्यले पक्राउ परेको व्यक्तिको नाम पनि प्रहरीले गोप्य राखेको छ । तर मृतकका आमाले प्रहरीले समातेको सबै छोराको साथी भएको दाबी गरेकी छिन् ।

**विनय कर्ण**
**सप्तरी।**
'आमा मासु पकाएर राख्नु, भोलि मलाई काठमाडौं जानु'छ,' छोराले भनेका थिए । तर छोरा फर्केनन् । र, अब फर्कँदैनन् पनि ।
आइतबार बिहान रुपनी गाउँपालिका वडा नम्बर १ रायपुरस्थित रुपनी-राजविराज सडकखण्ड अन्तर्गत नेपाल विद्युत प्राधिकरणको कार्यालयदेखि २ सय मिटर दक्षिणमा रहेको सडकबाट २५ मिटर पश्चिम खेतमा बिहानै स्थानीयले मृतअवस्थामा युवकको शव देखे । शम्भुनाथ नगरपालिका वडा नम्बर २ स्थित खैरवोनाका २२ वर्षीय मो. तफेजुल संसार छाडेर सदाको लागि गइसकेको सबैले थाहा पाए ।
उनको मृत्युको खबर बाहिरिएपछि परिवारजनले पूर्वपश्चिम राजमार्गस्थित रुपनीमा चक्काजाम गरे । टायर बालेर प्रदर्शन गरे । प्रहरीले परिवारजनसँग कुरा गर्दा २ घण्टापछि जाम खुल्यो र प्रहरी अनुसन्धानमा लाग्यो ।
मृतक तफेजुललाई शनिबार राति नै हत्या गरी खेतमा फालेको हुनसक्ने विषयमा अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।
मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामबाट घटनास्थलमा तालिम प्राप्त कुकुर ल्याएर सुक्ष्म अनुसन्धान सुरु गरिएको प्रहरी प्रवक्ता नरेशकुमार सिंहले बताए । घटना थाहा पाएपछि प्रहरीले शंकास्पद तीनजनालाई नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाएको छ ।
'हामीले तीनजनालाई नियन्त्रणमा लिएका छौं, अहिले अनुसन्धान जारी नै रहेकाले हत्याको प्रकृति र कारणपछि खुल्नेछ,' प्रहरी प्रवक्ता सिंहले भने । मृतकको शवलाई पोष्टमार्टमका लागि बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ । यता, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादवले घटना दुःखद र निन्दनीय भएको बताए । उनले घटनामा जो कोही संलग्न भए पनि कडा कारबाही माग गरे ।



# अग्निपीडित श्वेतालाई मुद्दा फिर्ता लिन दवाव



**मधेशदृष्टि**
**जनकपुरधाम।**
अग्नी पीडित श्वेता झालाई प्रहरी र कानूनव्यावसीको दवावमा मुद्दा फिर्ता लिनका लागि दवाव आईरहेका छन्।

नयाँ वर्ष २०८० बैशाख १ गते घरमा काम गरिरहेकी श्वेताको शरीरमा एक्कासी आगो लगाएर हत्या प्रयास गरिएको पीडित श्वेताले आफूमाथि मिलापत्रका लागि चौतर्फी दबाब आएको बताइन्।

२८ वर्षीया श्वेतालाई श्रीमान राजिव झा, देवर कमलेश झा र सासु द्रौपदी झाले संयूक्तरुपमा मिलेर दाइजोको लागि शरीरमा आगो लगाएर हत्याको प्रयास गरेका थिए । श्वेताको पेटदेखि तल्लो भागसम्म ३५ प्रतिशत जलेपछि उनको उपचार प्रादेशिक अस्पताल जनकपुरमा भएको थियो।

आइतबार पीडित श्वेताले अहिले आएर आफूमाथि घटना मिलापत्रका लागि प्रहरी प्रशासन र कानून व्यवसायीहरुले दबाब दिइरहेको बताइन्।

उनले प्रहरीले श्रीमान राजिव झालाई पक्राउ गरेपनि देवर र सासुलाई भने पक्राउ नगरेको प्रति दुःखसमेत व्यक्त गरिन्।

पीडित श्वेताले यसअघि पनि पटक पटक राजिव र उनको परिवारका सदस्यहरुले आफूलाई कुटपिट गर्दै आएको दुःखेसो पोखिन् । उनले छोरा र छोरी पनि अहिलेसम्म घरवारविहीन रहेको र आफूहरु अहिले निकै पिडादायी अवस्थाबाट गुज्रिनु परेको बताइन्।

श्वेताका पिता जयनारायण झाले बिहे भएको एक वर्षमै छोरीलाई विभिन्न बहानामा कुटपिट गर्दै आएको आरोप लगाए । उनले राजिवका परिवारले दाइजो स्वरुप ३ तोला सुन दिन नसकेकाले आफूलाई विगतदेखि नै पटक पटक दबाब दिँदै आएको र सो कुरा आफूले स्वीकार नगर्दा श्वेतालाई मानसिक तथा शारीरीकरुपमा कष्ट दिदैँ आएको बताए।

जनकपुरधाम उपमहानगरपालिका-२० देवपुरा घर भएकी श्वेताको माइत भने भारत विहारको कोठिया गाउँमा छ । उनको १८ वर्षकै उमेरमा राजीवसँग २०६९ वैशाख ४ गते मागी विवाह भएको थियो।

श्वेताको बिवाह भएदेखि नै आफूलाई कुटपीट गर्दै हत्या गर्नेसम्मको प्रयास गर्दै आएको बताइन्।

राजीव र श्वेताको ९ वर्षका छोरा र ७ वर्षकी छोरी छन्।

श्वेतालाई आगो लगाएर हत्या गर्ने प्रयास गरेको घटनामा संलग्न रहेको आरोपमा श्रीमान राजिव झा प्रहरी नियन्त्रणमा छन् । श्वेताले घरेलु हिंसा मुद्दामा जाहेरी दिएपछि धनुषा प्रहरीले दवावमा राजिवलाई पक्राउ गरेको थियो।

# स्रोत नखुलेको ८ लाख रुपैयाँ बरामद

**मधेशदृष्टि**
**वीरगंज।**
सर्लाहीबाट स्रोत नखुलेको ८ लाख रुपैयाँ नगद बरामद भएको छ।

आइतबार मलंगवा नगरपालिका- ८ भन्सार इलाकाबाट शनिबार सशस्त्र प्रहरीले ८ लाख रुपैयाँ र भारतीय नम्बरको मोटरसाइकल बरामद गरेको सशस्त्र प्रहरी बलका सहायक प्रवक्ता डिएसपी शैलेन्द्र थापाले जानकारी दिए । बिआर ३० एन ३५९० नम्बरको भारतीय मोटरसाइकलमा भारतबाट अवैध रूपले नेपाल ल्याउँदै गरेको एक हजार रुपैयाँको ७०० थान र पाँच सय रुपैयाँको २०० थान नेपाली रुपैयाँ बरामद गरेको हो । नियन्त्रणमा लिएको नेपाली रुपैयाँ र मोटरसाइकल आवश्यक कारवाहीको लागि सर्लाही भन्सार कार्यालय मलंगवामा बुझाएको छ।

त्यस्तै सोही जिल्लाको ब्रम्हपुरी गाउँपालिका- ५ स्थित सखुअवाबाट २० किलो गाँजासहित एउटा भारतीय मोटरसाइकल आइतबार बरामद गरेको छ ।बिआर ३० डी ५८८५ नम्बरको भारतीय मोटरसाइकलमा नेपालबाट भारततर्फ लैजाँदै गरेको ४ पोका गाँजा सशस्त्र प्रहरी बल नेपाल विओपी सखुअवाले नियन्त्रणमा लिएको हो । सशस्त्र प्रहरीलाई देख्नासाथै मोटरसाइकल सोही ठाउँमा छाडेर चालक फरार भएका थिए।

# चुरे दोहनले मधेशमा पानीको...

दशकअघिसम्म चुरेबाट पानीसँगै बग्ने मलिलो माटोले तराई-मधेशमा कृषि बालीका लागि निकै फाइदाजनक हुँदै आएको मानिन्छ। अहिलेको भने अनियन्त्रित रूपमा चुरेबाट बग्ने माटो तराईका लागि अभिशाप बनेको छ। जसले गर्दा प्रकोप र त्रास फैलिने गरिन्छ। अहिले तराई-मधेशमा पानी नपर्दा यहाँको मलिलो जमिन मरुभूमि बन्दै गएको छ। केही दशकयता विकासका गतिविधिले चुरेको फेदी र चुरेका खोंचमा क्षयीकरण हुँदै गएको छ। चुरे क्षेत्रबाट बगेर आएको गेग्रान व्यवस्थापन नाममा चुरे क्षेत्रमा दीर्घकालीन असर पर्ने गरी दोहन हुँदा समस्या निम्तिएको छ। चुरे क्षेत्रका खोंच, चुरे क्षेत्रको भावर र समथर तल्लोतटीय क्षेत्रमा जथाभावी ढुंगा, गिट्टी र बालुवाका लागि उत्खनन् गर्दा यत्रतत्र पहिरोको जोखिम पनि बढ्दै गएको छ।

चुरेको पहिरो बेलैमा नियन्त्रण भएन भने विकराल अवस्था आउने भन्दै विशेषज्ञहरूले सरकारलाई सचेत गराइसकेको उनले बताए । चुरे क्षेत्रमा अनियन्त्रित चरिचरण, खनजोत र अतिक्रमण पनि जारी छ । भूस्खलन/पहिरोसँगै बग्ने माटोले तराईको मलिलो जमिन मरुभूमिकरणमा परिणत भइरहेको छ। निरन्तर भइरहेको चुरे दोहनले खोलाहरूको धार परिवर्तन हुँदा खेत कटान, बाढीपहिरोको जोखिम बढेको छ।

चुरे क्षेत्रमा दोहन गर्न स्थानीय तहका जनप्रतिनिधि पनि सक्रिय छन् । मधेश प्रदेशको सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साका नदीजन्य पदार्थ अवैधरुपमा दोहन हुँदा पनि तीन वटै निकायका सरकारले चासो लिएको देखिँदैन । एक दशकअघि मुलुकको प्रथम राष्ट्रपति डा. रामवरण यादवले पहिलोपटक तराई-पहाडका सर्वसाधारणबीच सामाजिक सद्भावसहित चुरे संरक्षण गर्ने कार्यक्रम ल्याए। चुरे क्षेत्रमा बसोबास गर्दै आएका सर्वसाधारण तथा तराइबासीबीच सुमधुर सम्बन्ध स्थापना पनि गर्ने र चुरेको वन, खोला, नदी, नालालाई प्राकृतिकरूपमा व्यवस्थापन गर्ने उद्देश्यले राष्ट्रपति चुरे तराई मधेश कार्यक्रम घोषणा गरिएको पूर्व राष्ट्रपति यादवले स्मरण गरे । कार्यक्रमको मूल उद्देश्य थियो, 'उत्पादनशील क्षेत्र तराई मधेशमा भइरहेको मरुभूमिकरण हुनबाट रोकथाम तथा नियन्त्रण गर्नु।'

## मुल स्रोत सुक्दा, पानी हाहाकार

चुरे क्षेत्र दोहनसँगै मधेश प्रदेशका विभिन्न गाउँसहर अवस्थित पोखरी, तलाउ, चापाकल र इनार सुकेका छन् । प्रचण्ड गर्मीयाम सुरु हुनुपूर्व नै करिब ५ महिनासम्म धारा, इनारको पानी सुक्नु र चापाकलसमेत पानीको समस्याले आफैं सुकेको छ। केही वर्षदेखि समयमै वर्षा नहुँदा धनुषाको पूर्व-पश्चिम राजमार्ग वरिपरि उत्तरी भेग-पूर्वी भेगका दर्जनौं ग्रामीण बस्तीमा खानेपानी हाहाकार रहेको अवस्था छ।

धनुषाको नक्टाझिज, ढल्केवर, जमुनिवास, भुचक्रपुर, लक्ष्मीनिवास, पुष्पवलपुर, बेंगाडावर, धारापानी, राधापुर, गोदार, लवटोली, दिगम्बरपुर, महोत्तरीको बर्दिबास, गौशालालगायत दर्जनौं भन्दा बढी गाउँमा पानीको समस्या चर्किंदै गएको छ । पोखरीको नगरीको रुपमा रहेको मधेश प्रदेशको राजधानी जनकपुरधाममा पनि पोखरी र चापाकलमा समेत पानी सुकिसकेको छ । अत्यधिक दोहनले चुरे क्षेत्र विनाशको कारण पानीको मुहान सुक्न थालेको बटेश्वर गाउँपालिकाका स्थानीय रामकुमार महतोले बताए। जनकपुरधामको पिडारीचोक, रामानन्द चोक, किशोरी नगर र आनन्द नगरलगायतका क्षेत्रमा वैशाखको पहिलो सातादेखि नै अधिकांश चापाकल सुकेको छ। एकसयदेखि दुईसय फिटसम्म चापाकल पूर्णरुपेण सुकेको छ भने ३ सय ५० भन्दा बढी फिटसम्म गाडिएका चापाकलमा समेत दिनभरि पानी नआउने समस्या देखिएको जनकपुरधाम वडा नम्बर १० का किसन मण्डलले बताए। विगतमा धनुषाको उत्तरी भेगमा पानीको समस्या देखिए पनि जनकपुरधाम नगर क्षेत्र तथा धनुषाको पूर्वी र दक्षिणी भेगमा विरलै यस्ता समस्या देखिने गर्छ। तर, पछिल्लो करिब एक दशकको अवधिमा जनकपुरधाम नगर क्षेत्रमा पनि चापाकल सुक्न थालेपछि ठूलो संख्यामा सर्वसाधारण पानीबाट वञ्चित हुनु परेको छ।

चुरे विनाशसँगै जनकपुरधामका अधिक पोखरी गर्मीयाम सुरु हुनु अघिदेखि सुक्ने र पछि पानी पर्दा पानीको सतह बढ्दै गएपछि चापाकलबाट पानी आउने गरेको मण्डल बताउँछन्। चापाकल सुक्नुका साथै विद्युतीय मोटरले समेत पानी तान्न छोडेको उनी बताउँछन् । लामो समयदेखि माछापालन गर्दै आएका नागेन्द्र सहनीले चुरे क्षेत्रको विनाशको असरले पोखरीमा समेत समस्या परेको बताउँछन्। उनले गर्मी मौसममा पोखरीको पानीको सतह स्वतः कम हुदाँ माछा पोखरीमै अक्सिजनको अभावमा मर्ने गरेको बताए।

# साँघुरिएको बजारलाई व्यवस्थित गर्न व्यवसायीहरुको अग्रसरता

**मधेशदृष्टि**
**जनकपुरधाम।**
कृषि बजारलाई व्यवस्थित गर्नका लागि जनकपुरधाम उद्योग वाणिज्य संघले गुठी संस्थनलाई ज्ञापन पत्र बुझाएका छन्।



आइतबार जनकपुरधाम स्थित गुठी संस्थानको कार्यालयमा प्रमुख आनन्द कर्माचार्यलाई ज्ञापन पत्र बुझाउँदै कम्तीमा सात विघा जग्गा उपलब्ध गराउन माग गरेका छन्।

संघका अध्यक्ष जितेन्द्र कुमार महासेठले कार्यालय प्रमुख कर्माचार्यलाई ज्ञापन पत्र बुझाउने क्रममा उनले नेपाल सरकारले उद्योगग्राम स्थापनाका लागि विशेष प्राथमिकता दिएकाले न्यूनतम सात विघा जग्गा व्यवस्थापनका लागि लिजमा उपलब्ध गराइदिन माग गरेका छन्।

जनकपुरधाममा गुठीको जग्गाजमिन पर्याप्त भएकाले संघलाई सो जग्गा उपलब्ध गराईदिएमा जनकपुरधाममा बजारको समेत अभाव भईरहेको बेला बजार व्यवस्थापनदेखि विक्रि वितरणका लागि सहज हुने अध्यक्ष महासेठ बताउँछन्।

संघका महासचिव मनोजकुमार साहले यसअघि पनि हामीले बजारका लागि जग्गा उपलब्ध गराइदिन भनेपनि भनसुन र पहुँच भएकाहरुलाई मात्रै उपलब्ध गराउने गरेको भनि गुठी संस्थानसँग गुनासो समेत गरेको बताए।

अहिले पनि साविकको जनकपुरधाममा मुख्यरुपमा तीन स्थानमा बजार लाग्ने गरेको छ।

पुरानो बजारको रुपमा रहेको पेठिया बजार, तिरहुतीया गाछी स्थित शुक्रबारी बजार र एयरपोर्ट क्षेत्र तर्फ कुवा बजार लाग्ने गरेको छ।

जनकपुरधामको सडक व्यवस्थित गर्ने क्रममा बजारहरु अतिक्रमणको चेपटमा परेको छ । जसले गर्दा विगत भन्दा अहिले जनकपुरधामका बजारहरु सांघुरिएको छ।

# किरात राई समुदायले मनाए साकेला उभौली पर्व

"सांस्कृतिक कार्यक्रममा बुद्ध पूर्णिमापछि परम्परागत जातीय भेषभूषा लगाएर र बाजागाँजासहित साकेला नाचेर आपसमा साटासाट गर्दै खुशियाली मनाएका हुन्।"



**मधेशदृष्टि**
**सिरहा।**
सिरहामा बसोबास गर्ने किरात राई समुदायले विविध कार्यक्रम गरी झाँकीसहितको साँस्कृतिक कार्यक्रम गरी साकेला उभौली पर्व मनाएका छन्।

किरात राई यायोक्खा नगर कमिटी गोलबजारको आयोजनामा भएको सो सांस्कृतिक कार्यक्रममा बुद्ध पूर्णिमापछि परम्परागत जातीय भेषभूषा लगाएर र बाजागाँजासहित साकेला नाचेर आपसमा साटासाट गर्दै खुशियाली मनाएका हुन्।

साकेला उभौली पर्वको अवसरमा गोलबजार नगरपालिकाका मेयर श्याम कुमार श्रेष्ठले शुभकामना व्यक्त गरे। उनले सवै जात जाती भाषा भाषीको विकासको लागि पालिकाको तर्फबाट गर्न सकिने सवैखालको सहयोग गर्ने प्रतिबद्धता जनाए।

यस अवसरमा किरात राई यायोक्खाका केन्द्रिय सदस्यसमेत रहेका जिल्ला इन्चार्ज अञ्जनी राईले शुभकामना दिदैं आफ्नो जातिय पहिचानका लागि एकजुट हुनुपर्नेमा जोड दिए।

सबै जात समुदायको पहिलो पहिचान भाषा भएको बताउँदै भाषा संरक्षणमा राज्यले पहलकदमी लिनुपर्ने उनको भनाइ थियो।

# गौरमा न्यायाधीशविरुद्ध प्रदर्शन

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट जिल्ला अदालतका जिल्ला न्यायधिश गेहेन्द्र राज पन्तको बिरुद्धमा पीडित परिवारले विरोध प्रदर्शन गरेका छन् ।

प्रदर्शनकारीहरुले प्लेकार्ड सहित न्यायधीश पन्तको विरुद्धमा चर्को नाराबाजी गर्दै गौरमा आइतवार प्रदर्शन गरेका हुन् ।

सडकको विषयमा विवाद हुदाँ बैशाख २ गते गोली प्रहार गरि हत्या गरिएको गढ़िमाई नगरपालिका वडा नम्बर ८ स्थित धोबीनीयाका राजकुमार यादवको हत्यामा संलग्न रहेका अभियुक्तलाई न्यायाधीश पन्तले आर्थिक प्रलोभनमा परी धरौटीमा रिहा गरेको आरोप पीडित परिवारजनको रहेको छ ।

प्रदर्शन अघि पीडित परिवारले गौरमा पत्रकार सम्मेलन समेत गरेका थिए ।

गत वैशाख २ गते शनिवारका दिन गढीमाइ नगरपालिका वडा नम्बर ८ स्थित धिविनिया गाउँमा साँझ ४ बजेको समयमा बाटोको विषयमा नियोजितरुपमा विवाद खडा गरी षड्यन्त्रपूर्वक सामूहिक हत्या गर्ने योजना बनाई श्याम यादव, उनका दाजू रामबहादुर यादव, काकाका छोरा रामाएकावाल यादव, रामाशेवक यादव, रामबहादुरका छोरा रामेश्वर यादव, राजेश्वर यादव, श्यामाका भतिजा दिनेश यादव समेतले अन्धाधुन्ध गोली प्रहार गरेका थिए ।

सो क्रममा गोली लागेर ५० वर्षिय राजकुमार यादवको तत्कालै मृत्यु भएको थियो । भने अन्य निरञ्जन यादव, बालाधर यादव, रामप्रताप यादव, कपिलदेव यादव घाईते भएका थिए ।

# नयाँ सदस्यताका लागि पत्रकार महासंघद्वारा उपसमिति गठन




**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल पत्रकार महासंघ धनुषाले नयाँ सदस्यताका लागि सात सदस्यीय उपसमिति गठन गरेको छ।

महासंघका उपाध्यक्ष अवधेश कामतको संयोजकत्वमा गठन गरिएको छ ।महासंघको अध्यक्ष मनिका झाको अध्यक्षतामा बसेको बैठकबाट गठन गरिएको उपसमितिको सदस्यहरुमा बटुकनाथ झा, निरञ्जन झा, गोविन्द महतो, राजकमल सिंह, संजयकुमार साह र सन्तोषकुमार लाल कर्ण रहेका छन्।

त्यस्तै सदस्यता नविकरणका लागि समेत आह्वान गरिएको छ।




त्रिशक्ति ट्रेक्टर
प्रतिमा चौक, वीरगंज–१५, पर्सा, नेपाल, मो.नं. ९८५५०२१०२०, ९८११३०४३९९
E-mail: tractortrishakti@gmail.com
शाखा कार्यालय: भरतपुर, चितवन, मो.नं. ९८५५०३७०९९

## ----- राशिफल -----

**मेष - ARIES** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
अतिथिका रूपमा सम्मान प्राप्त हुन सक्छ। स्वास्थ्यमा ध्यान पुर्याउनुहोला।

**वृष- TAURUS** (इ,उ,ए,ओ,बा,बि,बु,बे,बो)
विभिन्न सहयोग र उपहार प्राप्त हुनेछन्। आयआर्जन पनि राम्रै हुनेछ।

**मिथुन - GEMINI** (का,कि,कु,घ,ङ,छ,के,को,ह)
साझेदारीमा पनि राम्रो फाइदा हुनेछ। आयआर्जनका स्रोत बढ्नेछन् भने व्यापारमा पनि बढी नै फाइदा हुने समय छ।

**कर्कट - CANCER** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
शुभचिन्तकहरूको सहयोग जुट्न सक्छ। अरूलाई प्रभावित पारेर काम बनाउने समय छ।

**सिंह - LEO** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

**कन्या - VIRGO** (टो,प,पि,पु,ष,ण,ठ,पे,पो)
सामाजिक दायित्व बढ्नेछ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ।

**तुला - LIBRA** (र,रि,रु,रे,रो,ता,ति,तु,ते)
परिस्थितिको चक्रमा अलमलिनुपर्ला। सामान्य काममा धन र श्रम खर्चनुपर्ला।

**वृश्चिक - SCORPIO** (तो,ना,नि,नु,ने,नो,या,यि,यु)
विभिन्न अवसर प्राप्त हुनुका साथै कीर्तिमानी काम गर्ने समय छ। गोपनीयता बाहिरिनाले समस्या पर्नेछ।

**धनु- SAGITTARIUS** (ये,यो,भ,भि,भु,ध,फा,ढ,भे)
स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला। नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला।

**मकर - CAPRICORN** (भो,ज,जि,खि,खु,खे,खो,गा,गि)
व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। शुभचिन्तकहरूको सहयोग जुट्न सक्छ।

**कुम्भ - AQUARIUS** (गु,गे,गो,सा,सि,सु,से,सो,द)
आम्दानी बढद्नेछ भने परिवारजनका आवश्यकता पूरा हुनेछन्। दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ।

**मीन - PISCES** (दि,दु,थ,झ,ञ,दे,दो,च,चि)
गरिएका कामको राम्रै मूल्यांकन हुनेछ। भौतिक साधनसमेत जुट्नाले प्रसन्नता मिल्नेछ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# गाउँमा बिहारीलाई घरेलु मदिरा



**मधेशदृष्टि**
**वीरगंज।**
पश्चिम पर्साको ग्रामीण भेग प्रसौनी भठ्ठामा अवैध मदिरा भट्टी सञ्चालन छ। प्रसौनीका पाँचजनाले अवैध मदिरा भट्टी सञ्चालन गरेरे भारतको बिहारबाट आउने ग्राहकहरुलाई सेवा दिएका हुन्।

घरेलु मदिरा उत्पादन हुने ती भट्टीमा भारतका विभिन्न ठाउँबाट प्लास्टिकको झोला पाउच बनाएर बिक्री वितरण भइरहेको स्थानीयले बताए। बिहारमा मदिरा बिक्री वितरण तथा उत्पादनमा बिहार राज्य सरकारले प्रतिबन्ध लगाएपछि नेपालसँग जोडिएको बिहारको भूभागमा खुलेयाम अवैध मदिरा उत्पादन तथा बिक्री वितरण बढेको हो। यद्यपि प्रहरी चौकी प्रसौनीका वरिष्ठ सई विनय कुमार सिंहले आफ्नो क्षेत्रमा अवैध मदिरा भट्टी सञ्चालन नरहेको र रोक लगाइएको दाबी गरे। तर स्थानीयले भने प्रहरीकै सहयोगमा अवैध मदिरा उत्पादन र बिक्री वितरण भइरहेको जनाएका छन्।

## कार्यालय सहयोगीको शोकमा बिदा

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पकहामैनपुर गाउँपालिकाले आइतबार शोक बिदा दिएको छ।
गाउँपालिकामा कार्यरत कार्यालय सहयोगी कलावती देबी धानुकको निधन भएपछि गाउँपालिका कार्यालय र मातहातका वडा कार्यालय मात्र बन्द रहने गरी शोक बिदा दिइएको हो।
पालिकाले सूचना जारी गर्दै निधन भएको शोकमा आइतबार बिदा दिइएको जनाएको छ। कार्यालय सहयोगी धानुकको शनिबार अल्पायुमै निधन भएको थियो।

# बरैनियामा प्रयोगशाला सञ्चालनमा



प्रयोगशाला उद्घाटन गर्दै प्रदेश सांसद जितेन्द्र सोनल। तस्बिरः मधेशदृष्टि

**मधेशदृष्टि**
**बारा।**
विश्रामपुर-२ बरैनिया स्वास्थ्य चौकीमा प्रयोगशाला सञ्चालनमा आएको छ। प्रदेश सांसद जितेन्द्र सोनलले प्रयोगशाला उद्घाटन गरे। ७० लाख रुपैयाँको लागतमा प्रयोगशाला सञ्चालनमा ल्याइएको गाउँपालिका स्वास्थ्य प्रमुख अलि अकबर हुसैनले बताए। गाउँपालिका अध्यक्ष जुल्फकार अलि भुटोको अध्यक्षतामा कार्यक्रम भएको हो।

# ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम अनुगमन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतको पशुसेवा तालिम केन्द्रमा ३५ दिने ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम सञ्चालन भइरहेको छ।
विभागीय मन्त्री वसन्त कुशवाहाले आइतबार तालिमबारे अनुगमन जानकारी लिएका छन्।
तालिमका सहभागीहरुले तालि लिएपछि वडा र पालिकामा पशु स्वास्थ्यसम्बन्धी आधारभूत सेवा प्रदान गर्न सक्ने बताइएको छ।
तीन महीनाको फिल्ड अनुभवपछि उनीहरुलाई अर्को ३५ दिने पशु औषधी व्यवसायी तालिम पनि दिने प्रावधान रहेको बताइएकोक छ।

# संजालको संयोजकमा कार्की



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सर्लाही जिल्ला संजालको संयोजकमा श्यामबाबु कार्की चयन भएका छन्। कमला बचाउ अभियानको आयोजनामा भएको कार्यक्रममा कार्कीलाई संजालको संयोजकमा चयन गरिएको हो। हरिवनमा आयोजना गरिएको अन्तरक्रियामा सर्लाही जिल्ला हुदै बग्ने मुख्य नदीहरु बागमती,लखन्देही,फुलजोर,झिम नदी,पटौना खोला,मतुसमारा,धुमने खोला,नारायण खोला,चापिनी, अत्रौलि लगायतका नदी सरोकारवालाहरु संग प्रकृति एवम् नदी अधिकार संरक्षण अभियान संचालन गरिने सम्बन्धी छलफल भएको जानकारि दिईएको छ।

# विदेशबाट दुई वटा फोन ल्याउन पाउने



रासस
काठमाडौँ।
वैदेशिक रोजगारीमा छ महिनासम्म काम गरेर फर्किएका नेपालीले मात्रै दुई वटा मोबाइल फोन ल्याउन पाउने भएका छन्।
भन्सार विभागले आइतबार एक सूचना जारी गर्दै श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएको छ महिना पूरा भएकाले मात्रै दुई वटा मोबाइल फोन ल्याउन पाउने जनाएको हो।
विभागका निर्देशक पुण्यविक्रम खड्काले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका नेपालीले एउटा चलाइरहेको र एउटा 'सिलप्याक' वा दुवै चलाइरहेको मोबाइल ल्याउन पाउने बताए।
उनका अनुसार अध्ययन तथा अन्य प्रयोजनका लागि विदेशीएका नेपालीले भने एक थान मात्रै फोन ल्याउन पाउनेछन्। 'श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गई लगातार कम्तीमा छ महिनासम्म काम गरी फर्केका नेपाली नागरिकले महसुल सुविधामा ल्याउन पाउने थप एक थान मोबाइल फोनको भन्सार कार्यालयमा घोषणा गरी भन्सार प्रक्रिया पूरा गर्नुपर्छ', जारी सूचनामा भनिएको छ, 'अन्य प्रयोजनका लागि विदेशीएका नेपालीले एक थान मोबाइल फोन सेटको घोषणा भने भन्सार कार्यालयमा गर्नुपर्दैन।' यही वैशाख २६ गते बसेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको थियो।यात्रुहरुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तुसम्बन्धी आदेश, २०७७ मा विदेशबाट फर्कने यात्रुले आफूले प्रयोग गरिरहेको मोबाइल फोन थान एक महसुल नतिरी ल्याउन पाउने व्यवस्था रहेको छ।
सोही व्यवस्थाअनुसार नेपाल दूरसञ्चार प्राधिकरणले जेठ १ गतेदेखि अवैध फोन नियन्त्रण गर्ने प्रणाली एमडीएमएस लागू गर्दैछ।
उक्त फोन नेपाल दूरसञ्चार प्राधिकरणका प्रणालीमा व्यक्ति स्वयंले अनलाइन माध्यमबाट दर्ता गर्नुपर्ने भन्सार कार्यालयले जनाएको छ।
दर्ताका लागि राहदानी वा नागरिकता र विदेश जाँदा र फर्किंदा देखिने राहादानीको पृष्ठ वा बोर्डिङ पास अपलोड गर्नुपर्नेछ हुन्छ।
यसअघि गत पुस १५ गतेदेखि प्राधिकरणले अवैध फोन नियन्त्रण गर्ने प्रविधि मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) लागू गर्ने तयारी गरेको थियो। प्राधिकरणले उक्त सिष्टम लागू गर्ने तयारी गरेकामा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्देशनमा तत्कालका लागि उक्त काम रोकिएको थियो।

# तीन दलका शीर्ष नेता र सचेतकबीच छलफल

"संसदीय सुनुवाइ समितिसमेत गठन भइसकेको छैन। सहमतिका साथ संसद अगाडि बढाउनेमा एकमत छौँ। छिट्टै निष्कर्षमा पुग्छौँ"



रासस
काठमाडौँ।
प्रधानमन्त्रीको आह्वानमा सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने तीन ठूला दलका संसदीय दलका नेता र प्रमुख सचेतकबीचको छलफल सकिएको छ। आइतबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफल जारी संसद् अधिवेशनलाई प्रभावकारी बनाउने र विभिन्न समिति गठन गर्ने विषयमा केन्द्रित भएको नेकपा (माओवादी केन्द्र)का मुख्य सचेतक हितराज पाण्डेले जानकारी दिए।बैठकमा सत्यनिरूपण तथा मेलमिलापसम्बन्धी विधेयकलाई छिटो टुङ्गोमा पुऱ्याउन संसदीय उपसमिति गठन गर्ने, संसदीय समितिको नेतृत्व र प्रतिनिधित्व सहमतिका आधारमा गर्ने, संसदीय सुनुवाइ समिति गठन गर्नेलगायतका विषयमा छलफल भएको थियो।'आज निकै सकारात्मक छलफल भएको छ। संसद्को बजेट अधिवेशन जारी छ, संसद्लाई प्रभावकारी बनाउन समझदारीका साथ अगाडि बढ्ने विषयमा छलफल भयो', मुख्य सचेतक पाण्डेले भने।
उनका अनुसार संसद्का विषयगत समितिहरू गठन गर्न बाँकी रहेको भन्दै सत्यनिरूपणसम्बन्धी विधेयकलाई प्राथमिकता दिएर अगाडि बढाउनुपर्ने आवश्यकता रहेको विषयमा बैठकमा छलफल भएको थियो। 'संसदीय सुनुवाइ समितिसमेत गठन भइसकेको छैन। सहमतिका साथ संसद अगाडि बढाउनेमा एकमत छौँ। छिट्टै निष्कर्षमा पुग्छौँ', उनले भने।
बैठकमा प्रधानमन्त्री एवं माओवादी केन्द्रका संसदीय दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवा, नेकपा एमाले संसदीय दलका नेता केपी शर्मा ओली, उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का, माओवादी केन्द्रका मुख्य सचेतक हितराज पाण्डे, नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक, नेकपा एमालेका उपनेता सुवास नेम्वाङ सहभागी थिए।

# २२ लाख ठगी गर्ने गिरोहका तीन पक्राउ



**रासस**
**उदयपुर।**
जिल्ला प्रहरी कार्यालयले विभिन्न स्थानका सोझासाझा मानिसलाई चिट्ठा पऱ्यो भन्दै रकम असुल गर्ने गिरोहका तीन अभियुक्तलाई पक्राउ गरेर ठगी तथा आपराधिक लाभ (एक्सटर्शन)सम्बन्धी कसुरमा अनुसन्धान सुरु गरेको छ। उनीहरूले दुई महिनाभित्र रु २२ लाखभन्दा बढी रकम ठगी गरेका थिए।
उक्त कार्यालयले पत्रकार भेटघाट गरेर जिल्लाका विभिन्न स्थानका बासिन्दालाई चिट्ठा परेको नाममा ठगी गर्नेलाई पक्राउ गरेर आज सार्वजनिक गरेको हो।
चिट्ठा परेको नाममा सम्बन्धित व्यत्तिले करस्वरुप तोकिएकमोजिमको रकम बुझाउनुपर्ने भन्दै पहिला नै रकम असुल गरेर झुक्याउने गरेको गुनासो बढेपछि पटकपटकको खोजी र अनुसन्धानपछि ती अभियुक्तलाई पक्राउ गरिएको थियो।
पक्राउपर्नेमा जिल्लाको कटारी नगरपालिका-३ निवासी उज्वल थापामगर, चितवन जिल्ला रत्ननगर नगरपालिका-२ का सुशील श्रेष्ठ र काठमाडौँ महानगरपालिका १० बुद्धनगरमा लुकछिपी बसेका कटारी-३ का विशाल थापामगर रहेको प्रहरी प्रमुख तथा प्रहरी उपरीक्षक ज्ञानेन्द्र फुयाँलले बताए। उनीहरू बिरुद्ध ठगी सम्बन्धित मुद्दासमेत दर्ता गरिएको छ।
ती अभियुक्तले खोटाङ जिल्ला खोटेहाङ गाउँपालिका-२ स्थायी घर भई हाल उदयपुरको त्रियुगा नगरपालिका-३ मोतिगडा बस्ने वर्ष २९ का उदय राईलाई २५ लाख भारतीय रुपैयाँ चिट्ठा परेको भन्दै कीर्ते कागजात देखाएर पहिला कर तिर्नुपर्छ खातामा पैसा बुझाउनु भन्दै रु तीस हजार ठगी गरेका थिए। यसैगरी अन्य व्यक्तिलाई पनि चिट्ठा परेको भन्दै पटकपटक गरेर उनीहरुले रु २२ लाख २० हजार ठगी गरेको पाइएको प्रहरीले जनाएको छ।
ठगी गर्ने गिरोहले भारतीय नागरिक प्रकाश वर्माको नाममा रहेको एक कम्पनीबाट चिट्ठा परेको भनेर जिल्लाका सोझासाझा जनतालाई ह्वाटस् एप्समार्फत उक्त कम्पनीको छापसमेतको कागजात देखाएर सुरुमै रु २० हजारदेखि एक लाखसम्म कर लिएर आफ्ना खातमा रकम सङ्कलन गर्न लगाउने गरेको खुल्न आएको जानकारी दिइयो। पक्राउ परेकाहरूले गाउँगाउँमा गएर पहिला आफ्ना मान्छेमार्फत पैसा भएका सोझासाझासम्म पुगेर नाम टिपेर पहिलो उनीहरुको आर्थिक अवस्था अध्ययन गरी रकम ठगी गर्न सकिनेलाई मात्र उनीहरुका नाममा फेक चिट्ठाका कागजात बनाएर चिट्ठा परेको कीर्ते कागजात देखाउने गरेका थिए।
प्रहरी प्रमुख फुयाँलले भने, 'चिट्ठाको नाममा ठगी गर्ने आपराधिक समूमध्येको पक्राउ गरिएका तीन जना त समान्य बाहिर भूमिका निर्वाह गर्ने मात्र हुन्, बास्तविक नाइकेको खोजी भइरहेको छ, प्रहरीले चाँडै उनीहरुसम्म पुग्नेगरी अनुसन्धान सुरु गरेको छ, र अब चाँडै मुख्य नाइके पक्राउ पर्नेछ। पक्राउपर्नेहरूका आधारमा नै मुख्य नाइकेको पनि तीव्र खोजीकार्य सुरु गरिएको छ।' पक्राउ गरिएकाहरू बिरुद्ध मुलुकी अपराधसंहिता २०७४ को परिच्छेद २१ अन्तर्गत एक्सटर्शनको कसुरमा मुद्दा दर्ता गरी कारबाही अघि बढाइएको हो।

# हेटौँडा उपमहानगरले माग्यो बजेटमा सुझाव




**रासस**
**वागमती।**
हेटौँडा उपमहागनरपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माणका लागि जनस्तरबाट सुझाव माग गरेको छ। यसका लागि उपमहानगरले क्यूआर कोड सार्वजनिक गरेको छ।
उपमहागनरपालिकाले सुझाव सङ्कलन गर्नका लागि सबै नागरिक कार्यालयमा उपस्थित हुन नभ्याउने भएकाले क्यूआर कोड सार्वजनिक गरेको छ। 'हेटौँडा नगरको विकासका गर्नका लागि साझा गन्तव्य र प्राथमिकता चयन गर्नुपर्ने भएकाले आगामी नीति तथा कार्यक्रम तथा बजेटप्रति नगरवासीको धारणा एवं महत्वपूर्ण सुझाव क्यूआर कोडमार्फत सङ्कलन गर्ने निर्णय लिएको छ', सूचनमा भनिएको छ।
उपमहानगरपालिका प्रमुख मीना लामाले आगामी आर्थिक वर्षको बजेटमा उत्पादनमा जोड दिने बताए। उपमहानगरले हाल विभिन्न चरणमा विभिन्न विषयगत समिति, शाखा र महाशाखाबाट बजेट निर्माणका विषयमा छलफल गरिरहको छ।

# शरणार्थी प्रकरणमा थापाविरुद्ध पक्राउ पुर्जी जारी



**रासस**
**काठमाडौँ।**
नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेको आरोप लागेका प्रतीक थापाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। जिल्ला अदालत काठमाडौँले थापाविरुद्ध पक्राउ पुर्जी जारी गरेको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ।
थापा पूर्वगृहमन्त्री एवं नेकपा (एमाले) उपाध्यक्ष रामबहादुर थापा बादलका छोरा हुन्। तत्कालीन गृहमन्त्री थापाका सल्लाहकार रहेका इन्द्रजित राई पक्राउ परेपछि अनुसन्धान गर्दा प्रतीक थापा पनि उक्त घटनामा संलग्न रहेको प्रमाण भेटिएपछि थापाविरुद्ध पक्राउ पुर्जी जारी भएको प्रहरीले जनाएको छ।
प्रतीकले यसअघि विज्ञप्ति निकालेर उक्त घटनामा आफ्नो नाम जोडिएको भन्दै आपत्ति जनाएका थिए। अहिलेसम्म नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वगृहमन्त्री बालकृष्ण खाँण, सचिव टेकनारायण पाण्डे, इन्द्रजित राईलगायत १२ जना पक्राउ परिसकेका छन्। पक्राउ पुर्जी जारी भएका तत्कालीन उपप्रधानमन्त्री एवं एमाले सचिव टोपबहादुर रायमाझी र इन्द्रजितका छोरा निरज राई भने फरार रहेका र उनीहरुको खोजी भइरहेको प्रहरीले जनाएको छ।
नक्कली भुटानी शरणार्थी प्रकरणमा छानविन सुरु भएपछि जनस्तर तथा राजनीतिक दलकै तर्फबाट निष्पक्ष छानविन र दोषीमाथी कारबाहीको माग गर्दै सरकारलाई दबाब बढिरहेको छ।

## सम्पादकीय

# रात्रीबजारको पहल सकारात्मक

धार्मिक तथा पर्यटकीय नगरी जनकपुरधाम पर्यटनको दृष्टिकोणले नेपालको धेरै नै चर्चित सहरमध्ये एक हो। बाह्रै महिना जनकपुरधाममा आन्तरिक तथा बाह्य पर्यटकको आगमन रहेकै हुन्छ। खास गरेर जनकपुरधामलाई मधेश प्रदेशको राजधानी घोषणा गरिएपछि आउजाउ गर्नेको संख्यामा ह्वात्तै वृद्धि भएको देखिएको छ। हुन त जनकपुरधाम प्रवेशका लागि नेपाल रेल्वेदेखि लिएर हवाईजहाज र लामो तथा छोटो दूरीका यातायातको सहज सुविधा छ तर रातिका समयमा आउनेका लागि बास तथा भोजन मुख्य समस्या बन्दै आएको छ। प्रशासनले राति ९ बजे नै पसल तथा होटललाई बन्द गर्न उर्दी जारी गरेपछि रातिका समयमा आउनेलाई बास तथा खानाका लागि महोत्तरीको बर्दिबास नै जानुपर्ने समस्या रहँदै आएको छ। यसकारण जनकपुरधामको बजार व्यवसायमा क्षति हुँदै आएको कुरा नकार्न सकिन्न।

जनकपुरधाममा खास गरेर दुई किसिमका व्यक्ति आएको देखिन्छ। एकथरि मन्दिरको दर्शनदेखि लिएर घुमघाम गर्ने अभिप्रायले आएका र अर्काथिरि जनकपुरधाममा दुईचार दिन बसेर मनोरञ्जन गर्ने अभिप्रायले आउनेहरु। भारतको बिहार राज्यमा मदिरा बिक्री वितरणदेखि सेवन पनि निषेध गरिएकाले बिहारका व्यक्तिहरु जनकपुरधाममा दुईचार दिन बसेर मदिरा सेवन गर्न पनि आउने गरेको विषय लुकाउनु हुन्न। विगत केही वर्ष पहिले अबेरसम्म चल्ने जनकपुरधामको बजार माओवादीद्वन्द्व कालदेखि राति ९ बजेमा झरेको हो। माओवादी समस्या समाधान भए पनि जनकपुरधामको बजार अबेरसम्म खोल्न न प्रशासनले पहल गरेको देखियो न त कुनै सरोकारवाला निकायले नै। प्रशासनको भनाइ के छ भने अबेरसम्म मदिरा विक्री वितरण र सेवन गर्ने अधिकार दिइए अपराध बढछ् तर त्यही रातभर बर्दिबास खुला रहे पनि जनकपुरधाम यसरी ९ बजे नै वर्षौंदेखि अपराध नहोस् भनेर व्यापार व्यवसाय नै ठप्प पारेर बसको छ। के जनकपुरधामबासी मदिरा पिएर अपराध बढाउने काममा सक्रिय देखियो र? जनकपुरधामबासी त्यति असहिष्णु छन् त? एकपटक सम्बन्धित निकायले पनि सोच्नुपर्ने हो।

जनकपुरधाम बजार अबेरसम्म खुलाउन सञ्चारकर्मीहरुले प्रमुख जिल्ला अधिकारीलाई पटकपटक आवाज उठाएकै हुन्। तर पनि सरोकारवालाले पहल नगरकै कारण प्रशासनले पनि चासो नलिएको बुझ्न सकिन्छ। मधेशको शहर वीरगंज महानगरपालिकाले रात्रीबजार नै सञ्चालन गरेर देखाइदिएपछि जनकपुरधामका व्यवसायी पनि हौसिएका छन्। जनकपुरधामका बजारलाई मध्यरातसम्म खोल्न तयार भई प्रमुख जिल्ला अधिकारीलाई सुरक्षाको वातावरण मिलाउन ज्ञापन पत्र पेश गर्नु जनकपुरधामको व्यवसाय पुनः फस्टाउने आशा गर्न सकिन्छ। मुलुकको आर्थिक अवस्था चल्मराएको अवस्थामा र बढ्दो सहरीकरणसँगै सुरक्षा प्रबन्ध मिलाएर बजारलाई रात्रि पनि चलाउन सक्ने वातावरणको सिर्जना गर्नु प्रशासनको काम हो।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# परस्पर विस्वासबाट नै सुमधुर सम्बन्ध

*पञ्चायती व्यवस्थामा मात्रै होइन त्यसपश्चात र आजभोलि पनि नेपालमा कटुसत्य सुन्ने र सहन गर्ने क्षमता धेरैजनामा छैन। यथार्थ कुरा कोही बोल्न वा लेख्न चाहँदैन। भारतमाथि विस्तारवादी आरोप लागउने नेपालका वामपन्थीहरुले भारतको सदाशयताको पनि चर्चा गर्ने सक्नुपर्दछ। नेपालको प्रत्येक राजनीतिक परिवर्तमा सहयोगी साबित हुँदै आएको दक्षिणी छिमेकी भारतको सहयोग र सदाशयताको पनि रौ-चिरा गर्नेहरु नेपालमा धेरै छन्। भारतका कुनै कलाकार वा लेखकले केही बोल्दा त्यसमा पनि हस्तक्षेप, अर्थात भारतको नाम सुन्ने बित्तिकै हस्तक्षेपको सम्भावना देख्नेहरु यर्थाथमा नेपाल र भारतबीच सुमधुर सम्बन्ध रहेको हेर्न चाहँदैनन्। नेपालको प्रत्येक राजनीतिक परिवर्तनमा भारतको सहयोगात्मक एवं सकारात्मक भूमिका रहीआएको छ।*



● श्रीमननारायण

नेपालको आन्तरिक राजनीतिमा भारतले हस्तक्षेप गर्दै आएको आरोप लगाउने काम विगत लामो समय देखि हुँदै आएको छ। पञ्चायतको तीस वर्षमा भारतको विरोध नै नेपाली राष्ट्रवादको आधार बनेको थियो। नेपाल प्रति भारतको हेपाहामा प्रवृत्ति रहेको भन्ने मानसिकताले ग्रसित कथित राष्ट्रवादीहरुकै कारण देशले आर्थिक प्रगति गर्न सकेको छैन। यथार्थमा दक्षिण छिमेकी राष्ट्र भारत नेपालको सहयोगी, शुभेच्छु र घनिष्ठ भित्र राष्ट्र हो तथा यसले नेपालप्रति सधै नै सदाशयता एवं सहयोगात्मक रवैया राख्दै आएको छ। वर्तमनको अवस्थामा पनि र विगतमा पनि भारत कहिल्यै नेपाल प्रति बदनियत रहेन भन्ने कुराको पुष्टि कतिपय घटनाले साबित गरेको छ।

कुरा वि.स.२०२९ साल तिरको हो। जतिबेला पञ्चायती व्यवस्थाविरुद्ध केही बोल्नु अथवा लेख्नु अपराध मानिन्थ्यो तथा भारत एवं प्रजातन्त्रवादीहरु तत्कालीन नेपाल सरकारका निम्ति आँखाका कसिङ्गर बनेका थिए। त्यस बेला त्रिभुवन विश्वविद्यालय राजनीतिशास्त्र विभागको आयोजनामा विश्वविद्यालयकै सभाकक्षमा एउटा विचारगोष्ठीको आयोजना गरिएको थियो। त्यस कार्यक्रमका प्रमुख अतिथि थिए नेपालका राजनीतिक मामिलाका जानिफकार अमेरिकी विशेषज्ञ प्रोफेसर इ लियो रोज। त्यो युग थियो नेपालमा स्थापित बहुदलीय संसदीय प्रजातन्त्रका हत्यारा राजा महेन्द्रको, त्यति बेला राजनीतिक दलहरु माथि प्रतिबन्ध लगाइएको थियो र अहिलेका कम्युनिष्टहरु पनि त्यति बेला राजाकै जयजयकार गरिरहेका थिए। राजा र पञ्चायती शासनको विरोध गर्नेहरुलाई तात्कालिन सत्ताले अराष्ट्रिय तत्व घोषित गरेको थियो। हजारौं प्रजातन्त्रवादीहरु भारतमैं शरण लिएका थिए। साथैं राजा र तिनका दरबारिया भारदारहरुले नेपालका किथित अराष्ट्रिय तत्वहरुलाईशरण दिएको भनी आरोप लगाउँदै भारतलाई अघोषित ठूलो शत्रु मानेका थिए। जसरी अहिले पनि कतिपय कथित राष्ट्रवादीहरु भारतलाई आफ्नो शत्रु ठानिरहेका छन्। त्यति बेला विश्वविद्यालयमा पनि अनेकौं प्रोफेसर विद्धान र छात्रहरु यस्ता थिए जो राजा महेन्द्र जिन्दाबाद तथा भारतीय विस्तारवाद मुर्दाबादको नारा लगाउने गरेका थिए। त्यस्तो वातावरणमा आयोजित उक्त सेमिमनारको प्रारम्भमैं दरबारका अनेकौं भारदार र राजावादी विद्धानहरुले प्रोफेसर रोज सामु अनेकौं प्रश्न तेर्स्याएका थिए।

त्यस सेमिनारमा सहभागि एक विद्धानका अनुसार राजावादीहरुले सोधको प्रश्नहरुमध्ये एउटा महत्वपूर्ण प्रश्न थियो नेपाल प्रति भारतको सधै दुराशयपूर्ण नियत रहिआएको छ र ऊ येनकेन प्रकारेण नेपालमाथि कब्जा जमाउन चाहन्छ, नेपाललाई आफ्नो नियन्त्रणमा लिन चाहन्छ यसबारे तपाईको के धारणा छ?

यस प्रश्नले एक क्षणका निम्ति प्रोफेसर रोजलाई स्तब्ध बनाइदिएको थियो तर तत्कालै उनले राजाका वफादार भारदार र तिनका विद्धानहरु सामु प्रतिप्रश्न तेस्याईदिए। उसो भए यसमा भारतसामु बाधा कहाँनिर थियो त? व्यबधान कहाँ थियो? यदि भारतको नियत खराब थियो भने यसमा उसलाई अन्ठ्यारो, असुविधा वा अवरोध कुन कुराले पुऱ्याईरहेको थियो?

यस्तो जवाफ सुनेपछि प्रश्न सोध्नेहरु किकर्तव्यविमूढ भएका थिए। कसैले एक शब्द बोल्न सकेन। त्यसपछि प्रोफेसर रोजले सविस्तार बताउन शुरु गरे, यदि भारतको नियत खराब थियो भने सन् १९५० (२००७ सालमा) नै उसले पूरै परिवार सहित नयाँ दिल्लीमा शरण लिन पुगेका राजा त्रिभुवनसँग कुनै पनि किसिमको सम्झौता गराउन सक्थ्यो। तत्कालीन राणा शासकहरुलाई पनि केही लिए-दिएर कुनै अनुकूल सन्धि गर्न गराउन सक्थ्यो। तर भारतले त्यस्तो केही गरेन तसर्थ तपाईहरुले यस्तो सोच्नु वा भन्नु उचित होइन। त्यस पछि प्रोफेसर रोजले बताउन थाले कि स्वतन्त्र भारतका प्रथम प्रधानमन्त्री तथा शान्तिदूतका नामले विश्वविख्यात पण्डित जवाहरलाल नेहरु प्रजातन्त्रको स्थापना भएदेखि नैं नेपाललाई एउटा समृद्ध र बलियो छिमेकी राष्ट्रको रुपमा हेर्न चाहन्थे यदि यस्तो थिएन भने उनले नेपाललाई संयुक्त राष्ट्र सङ्घको सदस्यता दिलाउन भगिरथ प्रयत्न गर्ने थिएनन.। त्यसपछि प्रोफेसर रोजले बताउन थाले कि कसरी पण्डित नेहरुले नेपाललाई संयुक्त राष्ट्र सङ्घको सदस्यता दिलाउन मदत गरेका थिए? पण्डित नेहरुले जब पहिलो पटक नेपाललाई संयुक्त राष्ट्र सङ्घको सदस्य बनाउन नेपालको आवेदन संयुक्तराष्ट्र सङघको सभामा प्रस्तुत गरे, तत्कालीन सोभियत सङघले यो भन्दै त्यस प्रस्तावलाई रिजेक्ट (अस्वीकार) गरिदियो कि नेपाल भारतको एउटा अविभाज्य हिस्सा (अभिन्न अङ्ग) हो तसर्थ नेपाललाई संयुक्तराष्ट्र सङघको सदस्यता दिन सकिदैन। सोभियत सङ्घको यस्तो भन्दै आफ्नो विशेषधिकार प्रयोग गर्दै आवेदनको प्रवेशमाथि बिशेषधिकार लगाइदिएको थियो। यति मात्र होइन पण्डित नेहरुले जब केही दिन पश्चात् पुनः नेपाललाई यूएनको सदस्यता दिलाउने बारे प्रस्ताव प्रस्तुत गरे अनि दोस्रोपटक पनि सोभियत सङघले भिटो प्रयोग गऱ्यो। यसरी संयुक्तराष्ट्र सङ्घमा नेपालले सदस्यता पाउनु त टाढाको कुरा उल्टो नेपालको आवदेन माथि नै विचार गर्न (छलफल गर्न) प्रतिबन्ध लाग्यो। तेस्रोपटक नेपालको आवदेनबाट भीटो हटाउन पण्डित नेहरुलाई त्यति बेला सफलता हात लाग्यो जब उनले सोभियत सङघका तत्कालीन नेताहरु बुलगानिन र खुस्चेजलाई तेस्रो पटक भीटो नलगाउन सहमत गराए। यति बढी कसरत र भारतको प्रयासका कारण नै नेपाललाई संयुक्तराष्ट्र सङ्घको सदस्यता प्राप्त हुन सक्यो। यस तथ्यलाई प्रोफेसर रोजले आफ्नो पुस्तक "डेमोक्रेटिक इनोभेसन्स इन नेपाल" मा लेखेका छन्। पञ्चायती व्यवस्थामा मात्रै होइन त्यसपश्चात र आजभोलि पनि नेपालमा कटुसत्य सुन्ने र सहन गर्ने क्षमता धेरैजनामा छैन। यथार्थ कुरा कोही बोल्न वा लेख्न चाहँदैन। भारतमाथि विस्तारवादी आरोप लागउने नेपालका वामपन्थीहरुले भारतको सदाशयताको पनि चर्चा गर्ने सक्नुपर्दछ। नेपालको प्रत्येक राजनीतिक परिवर्तमा सहयोगी साबित हुँदै आएको दक्षिणी छिमेकी भारतको सहयोग र सदाशयताको पनि रौ-चिरा गर्नेहरु नेपालमा धेरै छन्। भारतका कुनै कलाकार वा लेखकले केही बोल्दा त्यसमा पनि हस्तक्षेप, अर्थात भारतको नाम सुन्ने बित्तिकै हस्तक्षेपको सम्भावना देख्नेहरु यर्थाथमा नेपाल र भारतबीच सुमधुर सम्बन्ध रहेको हेर्न चाहँदैनन्। नेपालको प्रत्येक राजनीतिक परिवर्तनमा भारतको सहयोगात्मक एवं सकारात्मक भूमिका रहीआएको छ।

कतिपयले नेपाल एवं भारतबीच भएको सन्धि एवं सम्झौताको खारेजीको माग पनि गर्दै आएका छन् तर यस्तो माग गर्ने दल, नेता र विद्धान यो कुरा सम्बन्धित व्यक्ति स्थान र उपयुक्त समयमा उठाउँदैन। भारतमा नेपालका प्रायः सबै जसो आन्दोलनकारीहरुले शरण लिएर अथवा लुकेर बसेका थिए। दक्षिणी छिमेकी भारतमा लोकतान्त्रिक शासन नभएको भए अथवा नेपालप्रति सदाशयता नभएको भए नेपालमा आज सम्म जे जस्ता परिवर्तनहरु सम्भव भएका छन् ती सबै सजिलै सम्भव हुने थिएन कि त सरकारको विरोध गर्ने आन्दोलनकारी जेलमा हालिन्थे, ठूलो सङख्यामा मारिन्थे अथवा युरोपेली मुलुकमा गएर लुकेर बस्थे। नेपालका लोकतन्त्रवादी मात्रै होइन वामपन्थी नेताहरुले पनि आन्दोलनका समयमा भारतमा शरण लिएका थिए। नेपालमा प्रजातन्त्रको स्थापना भएपछि झन्डैसात दशकदेखि नेपालको चौतर्फी विकास मा भारतले सहयोग गर्दै आएको छ। भारतको यो सहयोग स्वार्थरहित छ यसमा शङा गर्ने ठाउँ छैन। भारतमा पनि लाखौ नेपालीभाषी छन्। नेपाललाई बढी फाइदा भएको छ, तसर्थ अवाश्यक विवाद सृजना गर्नु ठिक भएन। भारत नोपलको निम्ति त्यस्तो छिमेकी मित्र राष्ट्र हो जो प्रत्येक सङ्कटमा साथ दिंदै आएको छ।

छिमेकीमाथि आरोप लगाएर द्विपक्षीय सम्बन्धलाई कमजोर बनाउने प्रयास गर्नु हुदैन। नेपाल भारत सम्बन्ध नयाँ दिल्ली तथा काठमाण्डौंले न बनाएको हो, न बिगार्न नै सक्दछ किनभने यसलाई धर्म संस्कृति परम्परा एवं प्रकृतिले बनाएको हो तथा यो जनस्तरमा स्थापित रहेको छ।

# मनसुनजन्य विपद्को पूर्वतयारी

● नारायण ढुङ्गाना

*गृह, अर्थ, परराष्ट्र, सङ्घीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र समाज कल्याण परिषद्का प्रतिनिधिबीच बैठक बसी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन साझेदार संस्था परिचालन कार्यविधि, २०८० तयार तयार पार्ने कार्ययोजना बनाइएको छ।*

नेपाल सरकार आउँदो मनसुनका समयमा हुनसक्ने विपद्जन्य घटना व्यवस्थापनको पूर्व तयारीमा जुटेको छ। आउँदो मनसुनमा सरदरभन्दा कम वर्षा हुने आँकलन गरिए पनि निश्चित क्षेत्रमा अधिक र निश्चित क्षेत्रमा कम वर्षा हुनसक्ने अवस्थालाई समेत मध्यनजर गरी आवश्यक तयारीमा सरकारले काम थालेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विगतको विपद् र त्यसबाट सिर्जित असरको अवस्था, देशको भौगोलिक अवस्था, जलवायु परिवर्तनको असर, सम्भावित जोखिम क्षेत्र पहिचानको आधारमा सोही अनुसारको विपद् व्यवस्थापनको पूर्व तयारी थालिएको छ। विपद्को पूर्वतयारी, अस्थायी आश्रयस्थल व्यवस्थापन र खाद्यान्नको आवश्यक व्यवस्थापनका पूर्व तयारी पनि सँगसँगै थालिएको छ। विपद्पछिको उद्धार तथा पुनःस्थापनमा सधैँ आलोचना हुने गरेकाले त्यसलाई मध्यनजर गर्दै विशेष ध्यान दिन गृहमन्त्रालयले सम्बद्ध निकायसँग समन्वय गरिरेको छ।

विपद् व्यवस्थापनको पूर्व तयारीस्वरुप यही वैशाख २९ मा बसेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले मातहत र सरोकार राख्ने सबै निकायलाई आ-आफ्नो विषयगत क्षेत्रको तयारीमा जुट्न निर्देशन नै दिइसकेको छ। कार्यकारी समितिका अध्यक्ष उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले अब तयारी पुगेन भनेर विपद् व्यवस्थापन कार्यमा छुट नपाइने भएकाले अहिलेदेखिनै के गर्नुपर्ने हो त्यो काम गरेर तयारी अवस्थामा राख्न सरोकारवाला निर्देशन दिइसकेका छन्।

गृह मन्त्रालयले मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरिरहेको छ। केही दिनभित्रमै उक्त कार्ययोजना निर्माण गरी लागू गर्न लागिएको गृह मन्त्रालयमातहत रहेको राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले बताए। यस्तै विपद व्यवस्थापनका लागि अति आवश्यक पर्ने नीति, नियम तथा कार्यविधि तर्जुमाका आवश्यक प्रक्रिया पनि तीव्ररुपमा अघि बढाइएको छ।

जसअनुसार विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ संशोधन, विपद् पूर्वतयारी तथा प्रतिकार्य निर्देशकिका २०८० निर्माण, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन साझेदार संस्था परिचालन कार्यविधि २०८० स्वीकृतिको चरणमा पुगेको छ। छिट्टै त्यसका बाँकी तयारी पूरा गरेर कानुनसम्मत बनाउँदै लागू गर्ने गरी सरकार अघि बढेको छ। यी सबै कानुन, नीति, निर्देशिका तथा कार्यविधिका विषयमा आवश्यक छलफल गरी अघि बढाउने गरी कार्यकारी समितिले निर्णय नै गरिसकेकाले त्यसको तयारीको काम जारी रहेको पोखरेलले बताए। यस वर्षको मनसुनजन्य विपद्बाट हुनसक्ने जनधनको क्षति कम गर्न सम्बन्धित निकायले गर्नुपर्ने कार्यसमेत उल्लेख गरी एकीकृत मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तयार पार्ने जिम्मेवारी प्राधिकरणलाई दिइएको छ।

देशका विभिन्न स्थानमा हुनेसक्ने जोखिमलाई मध्यनजर गरी सम्बन्धित निकाय, प्रदेश तथा स्थानीय सरकारहरुले गर्नुपर्ने पूर्वतयारी, उद्धारलगायतका कार्यका लागि उपलब्ध एवम् आवश्यक साधनस्रोतको विवरणसहितको कार्ययोजना तयार गरिने प्राधिकरणका प्रमुख पोखरेलले बताए। यस्तै गृह, अर्थ, परराष्ट्र, सङ्घीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र समाज कल्याण परिषद्का प्रतिनिधिबीच बैठक बसी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन साझेदार संस्था परिचालन कार्यविधि, २०८० तयार तयार पार्ने कार्ययोजना बनाइएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माका अनुसार पूर्वाधारका क्षेत्रमा विपदबाट हुने असरलाई कम गर्न आवश्यक तयारी थालिसकेको छ। उनका अनुसार मनसुनजन्य विपद्का कारण सडक अवरुद्ध भएका ३० मिनेटभित्र सम्बन्धित ठाउँमा पुग्ने र दुई घन्टाभित्र सञ्चालन गर्न सक्ने गरी एक सय २६ स्थानबाट मेसिन परिचालनको योजना बनाइएको छ। यस्तै एक सय १६ वटा मेसिन र १३ वटा बेलिब्रिज पनि तयारी अवस्थामा राखिएको छ। विपद् व्यवस्थापन विज्ञ कृष्ण देवकोटा पछिल्ला वर्षमा पहिराबाट हुने विपद् थप चुनौतीपूर्ण बन्दै गएको बताउछन्।

# विद्युतीय रिक्सा चलाएर स्वरोजगार



**रासस**
**काठमाडौं।**
वैशाख महिनाको टन्टलापुर घाममा विद्युतीय रिक्सा (अटोरिक्सा) चालक शोभाकान्त उपाध्याय धनगढीको सडक छेउमा रिक्सा अड्याएर पैदल हिँडेका यात्रुको खोजी गरिरहेको भेटिए।

अन्दाजी ६५ वर्षीय उपाध्यायले विगतमा छोराको विवाह गर्दा लागेको ऋण बुझाउन टन्टलापुर घाममा रिक्सा चलाएर कामाइ गर्नुपरेको दुखेसो सुनाए। 'दुई छोरा भारतमा काम गर्छन्, एउटा छोरा यही गाडी चलाउँछ', उनले भने, 'छोराको विवाह गर्दा लागेको पाँच लाख रुपैया ऋण तिर्नै धौधौ परेपछि रिक्सा चलाएर कमाइ गर्नुपरेको हो।'

धनगढीमा छ धुर जग्गामा बनेको कर्कटपाताको छानो भएको घर छ। उनले १० वर्षदेखि अटो रिक्सा चलाउँदै आएका छन्। यसअघि स्थानीय एक निजी विद्यालयमा रिक्सा चालकका रुपमा काम गर्नुभएका उनले युवा अवस्थामा भारतमा मजदुरीको काम गरेका थिए।'अटो रिक्सा चलाउँदा सुरुका वर्षमा राम्रै कमाई हुन्थ्यो, हाल रिक्सा धेरै हुँदा यात्रु नपाएर कमाई घटेको छ', उपाध्यायले थपे, 'कमाई घटे पनि रिक्साले रोजगारी दिँदा सन्तुष्टि छ।'

अर्का अटो रिक्सा चालक ६३ वर्षीय अरुण पुजाराले आफ्ना हातपाउ छउञ्जेल आफ्नै देशमा काम गरेर खाने बताए। 'विदेशमा गएर तल्लोस्तरको काम गर्न तयार हुने तर आफ्नै देशमा काम गर्न लाज मान्ने र इज्जत जाने कुरा गर्नेको प्रगति हुन सक्दैन', उनले भने, 'आफ्ना हातगोडा चलेसम्म काम गरेर खाने हो।'

एकदशक बढी समय भारतको देहरादुनमा मजदुरी गर्नुभएका पुजाराका पाँच छोरा सबैले स्वरोजगारी गर्छन। आफ्नो कमाइप्रति सन्तुष्टि व्यक्त गर्दै उनले थपे, 'आफू कुनै समयमा महिनामा रू एक लाखसम्म कमाउँथे।' अहिले दिनमा रू पाँच सयदेखि सात सयसम्म कमाइ हुने गरेको उनको भनाइ थियो।धनगढीमा पछिल्ला वर्षमा विद्युतीय रिक्साको व्यवसाय फस्टाएको छ। बजार क्षेत्रका यात्रुको आवागमनका लागि सजिलो साधनका रुपमा रहेको यो व्यवसायबाट धेरैले रोजगारी पाएका छन्। घरायसी काममा मात्रै सीमित रहनुभन्दा रिक्सा चलाएर कमाइ भइरहेको रिक्सा चालक गौरी चौधरीले बताए। उनले भने, 'घरमा कमाइ हुने अर्को बाटो छैन, रिक्सा चलाएर हुने कमाइले जासोतसो जीवन गुजारा भइरहेको छ।'

यहाँले महिलाले पनि रिक्सा चलाएर जीविकोपार्जन गरिरहेका छन् भन्दै चौधरीले महिलाले रिक्सा चलाएको अनौँठो मान्ने सोच र प्रवृत्ति कतिपय ठाउँमा अझै देखिने भनाइ थियो। 'यस्तो सोचलाई निरुत्साहित गर्दै धेरै महिला विद्युतीय रिक्सा चलाएर आयआर्जन गर्न थालेका छन्', उनले भने। विद्युतीय रिक्सा चलाएर उहाँले दैनिक रू सात/आठ सयसम्म कमाइ गरिरहेका छन्।

पछिल्ला वर्षमा सहरी क्षेत्रमा भित्रिएका विद्युतीय रिक्सा बेरोजगार भएर बसेकाका लागि मुख्य रोजगारको माध्यम बन्न थालेको रिक्सा मजदुरले बताएका छन्। स्थानीय रिक्सा चालक भीमबहादुर चौधरीले भने, 'रिक्सा चलाउने कामबाट भइरहेको आयआर्जनबाट घरधन्दा चलाउन सहज भएको छ।'

विद्युतीय रिक्सा 'रिचार्ज' गरेर चलाउन मिल्छ। एक पटक 'रिचार्ज' गर्दा झण्डै एक सय किलोमिटरको दूरीसम्म चलाउन सकिन्छ। पेट्रोलियम पदार्थको खपत घटाउन विद्युतीय रिक्सा व्यवसायले धेरै योगदान दिएको छ। यस व्यवसायप्रति आकर्षण बढ्दै जाँदा बजार क्षेत्रमा रिक्साको संख्या पनि बढ्दै गएको छ।

छोटो दूरीमा यात्रा गर्न सहज र सस्तो माध्यम बनेको स्थायीको भनाइ थियो। विद्युत्बाट चार्ज गरेर चलाउन सकिने भएकाले पछिल्लो समय विद्युतीय रिक्साසँगै स्कुटर र विद्युतीय साइकलको प्रयोग पनि बढ्दै गएको छ। विद्युतीय रिक्सा व्यवसाय फस्टाउँदै गए पनि यसको दर्ता गरी रुट परमिट लिन र चालक अनुमतिपत्र पाउन सास्ती खेप्नु परेको रिक्सा मजदुरको गुनासो छ।

यातायात व्यवस्था कार्यालयले यी रिक्सा दर्ता र चालक अनुमतिपत्र प्रदान गर्दछ। सुरुका वर्षमा धनगढी उपमहानगरपालिका कार्यालयमा दर्ता गर्नुपर्ने व्यवस्था थियो। धनगढीमा झण्डै तीन हजार विद्युतीय रिक्सा सञ्चालनमा छन्। विद्युतीय रिक्सा सञ्चालनसँगै दुई दशकअघिसम्म सञ्चालनमा रहेका परम्परागत तीनपाङ्ग्रे रिक्साको व्यवसाय पूर्णरुपमा विस्थापित भएको छ।

# किसानलाई अनुदानमा कृषि उपकरण



**रासस**
**त्रिवेणी।**
नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको कावासोती नगरपालिकाले किसानलाई अनुदानमा कृषि उपकरण वितरण गरेको छ। नगरपालिकाले नगरभित्र रहेर व्यावसायिकरूपमा कृषि पेसा गर्दै आएका किसानलाई अनुदानमा कृषि उपकरण वितरण गरेको हो।

कावासोती नगरपालिकाभित्र रहेका २२ वटा कृषक समूहमार्फत किसानका लागि विभिन्न प्रकारका कृषि उपकरण वितरण गरिएको कृषि शाखा प्रमुख शिवनारायण कुमालले बताए। नगरपालिकामा रहेका कृषि सहकारी, कषक समूह, फार्मलगायतमार्फत व्यावसायिकरूपमा कृषि पेसा गर्दै आएका किसानलाई कृषि उपकरण वितरण गरिएको शाखा प्रमुख कुमालले बताए।

कृषि उत्पादनमा लागत घटाउँदै प्रतिफल धेरै लिन मद्दत पुगोस् भनेर नगरपालिकाले अनुदानमा कृषि उपकरण वितरण गरेको शाखा प्रमुख कुमालले बताए।

नगरपालिलकाले धान काट्ने मेसिन पाँच थान, दाना बनाउने मेसिन चार थान, छाटी काट्ने मेसिन २२ थान, पोखरीमा माछालाई अक्सिजन दिने मेसिन एरिएटर एक थान, हाते ट्र्याक्टर तीन थान, ड्याङ बनाउने मेसिन र पम्प दुई-दुई थान, मकै छोडाउने मेसिन एक थान, स्प्रेट्याङ्की १० थानलगायतका कृषि उपकरण र सामग्री वितरण गरिएको शाखा प्रमुख कुमालले बताए।

'हामीले मुख्यगरी परम्परागतरूपमा गरिएको कृषिलाई विस्थापन गरी कृषि उपकरणको सहयोगले कम लागतमा धेरै प्रतिफल किसानले लिन सकुन् भनेर कृषि उपकरण वितरण गरेका हौँ', शाखा प्रमुख कुमालले भने, 'अहिले किसानको उत्पादन लागत धेरै हुँदा बजारीकरणमा समस्या पर्ने, साथै कम प्रतिफल प्राप्त गर्न अवस्था छ।'

कावासोती नगरपालिकाभित्र विभिन्न कृषि बालीका पकेट कार्यक्रम सञ्चालन गरी अनुदानहरू वार्षिकरूपमा प्रदान गर्दै आएको शाखा प्रमुख कुमालले बताए। कावासोती नगरपालिकाभित्र रहेका १७ वटा वडामा फरक-फरक बालीको सम्भावना रहेकाले सोहीअनुसार पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरी कार्यहरू गर्ने गरिएको उनले बताए।

चालु आर्थिक वर्षको विनियोजित बजेटमार्फत नगरपालिकाको ७५ प्रतिशत अनुदानमा र किसानको २५ प्रतिशत लागत सहभागितमा कृषि उपकरण तथा सामग्री वितरण गरिएको हो। कुल रु १७ लाख ९८ हजार आठ सय मूल्य बराबरको कृषि उपकरण खरिद गरी किसानलाई वितरण गरिएको हो।

# वैद्यखानाका कर्मचारी फागुनदेखि तलबबाट वञ्चित

*कर्मचारीको बिदालगायत अभिलेख पनि निमित्त कार्यकारी निर्देशककै कार्यकक्षमा छ, शनिबारदेखि कार्यालयमा कार्यरत माली सानीमाया लामाको अनिवार्य अवकाश भयो, टिप्पणी तयार छ, निमित्त कार्यकारी निर्देशक हाजिरमा अनुहार देखाएर हिँड्ने गरेकाले कसैलाई स्वीकृत गराउन पाएको छैन, यस्ता नियमित काम र समस्या कार्यालयमा धेरै छन्, समस्या समाधानतिर निमित्त कार्यकारी निर्देशकको ध्यान गएको छैन।*




**रासस**
**काठमाडौं।**
आयुर्वेदिक औषधि उत्पादन गरी बिक्री वितरण गर्ने तीन सय वर्ष लामो इतिहास भएको सिंहदरबार वैद्यखाना विकास समितिका कर्मचारीले तीन महिनादेखि तलब पाएका छैनन्। आयुर्वेदिक औषधि उत्पादन गर्ने संस्थामा उत्पादन नै नहुने भएपछि कर्मचारीले तीन महिनादेखि तलब नपाएका हुन्। तलब नपाउँदा कोठा भाडा तिर्न, बिहान बेलुकाको जोहो गर्न र बालबालिकाको विद्यालय भर्ना एवं मासिक शुल्क तिर्नसमेत समस्या भएको अधिकांश कर्मचारीको गुनासो छ। समितिका कर्मचारी तीन महिनादेखि तलब नपाएपछि दिनभर कार्यालय आउँछन् र बेलुकी निराश भएर घर फर्कने गरेका छन्।

वैद्यखानाका कर्मचारीले फागुनदेखि नै तलब पाएका छैनन्। निमित्त कार्यकारी निर्देशक रामदेव यादव एक महिनादेखि कार्यकक्षमा नबस्दा कार्यालयमा अन्य समस्या पनि आएको कर्मचारी बताउँछन्। कार्यकारी निर्देशक यादव यही वैशाख ३ गतेदेखि नै बिहान एकपटक विद्युतीय हाजिर गरेर हिँड्ने गरेको गुनासो अधिकांश कर्मचारीको छ। समितिका प्रशासन शाखा प्रमुख रुन्धाता कोइराला विद्युतीय हाजिर 'फेस रिडर' को लिङ्कसमेत निमित्त कार्यकारी निर्देशक यादवले आफ्नै कार्यकक्षमा थुनेर हिँडेको बताउछन्। 'कर्मचारीको बिदालगायत अभिलेख पनि निमित्त कार्यकारी निर्देशककै कार्यकक्षमा छ, शनिबारदेखि कार्यालयमा कार्यरत माली सानीमाया लामाको अनिवार्य अवकाश भयो, टिप्पणी तयार छ, निमित्त कार्यकारी निर्देशक हाजिरमा अनुहार देखाएर हिँड्ने गरेकाले कसैलाई स्वीकृत गराउन पाएको छैन, यस्ता नियमित काम र समस्या कार्यालयमा धेरै छन्, समस्या समाधानतिर निमित्त कार्यकारी निर्देशकको ध्यान गएको छैन', उनले भने।

तीन महिनादेखि तलब नपाउँदा समितिका कविराज वैद्यका रुपमा कार्यरत आदित्य ठाकुरलाई घरखर्च चलाउन मुस्किल भएको छ। समितिले क्षमताअनुसार औषधि उत्पादन गर्न नसक्दा समस्या हुन थालेको हो।

समितिमा लामो समयदेखि कार्यालय प्रमुखको विवाद हुँदै आएको छ। सर्वोच्च अदालतले वैशाख ३ गते समितिका वरिष्ठ कर्मचारी ऋषिराज रेग्मीले दायर गर्नुभएको मुद्दामा निमित्त दिने भए कार्यालयकै वरिष्ठलाई दिनुपर्छ भनी फैसला गरेको थियो। फैसलाको पूर्णपाठ भने आएको छैन। यही फैसलापछि निमित्त कार्यकारी निर्देशक यादव बिहान हाजिर गरेर हिँड्न थालेका हुन्। सर्वोच्चले फैसला गरेपछि रेग्मीले निवेदन लेखी त्यसको जानकारी स्वास्थ्य तथा जनस्ᳵ्या मन्त्रालयमा पनि गराएका छन्। मन्त्रालयका सचिवद्वय डा रोशन पोखरेल र देवकुमारी गुरागाईंले वैद्यखानाका विषयमा बेवास्ता गर्दा संस्थामा धेरै समस्या आउन थालेको बताइएको छ। लामो समयदेखि समितिका कर्मचारीले पनि गठन आदेश बमोजिम ११औं तहको कार्यकारी निर्देशक नियुक्ति गर्न माग गर्दै आएका छन्।

निमित्त दिनेभए समितिकै वरिष्ठ कर्मचारीलाई दिनुपर्ने अधिकांश कर्मचारीको माग छ। समिति गठन आदेशमा आयुर्वेद समूहको ११औं तहका कर्मचारीलाई कार्यकारी निर्देशक बनाउने व्यवस्था भए पनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले १०औं तहका कर्मचारीलाई निमित्त बनाएर पठाउन थालेपछि लामो समयदेखि वैद्यखानामा विवाद हुँदै आएको छ। समितिका निमित्त कार्यकारी निर्देशक डा यादव कारखानामा कर्मचारीले काम नगरेका कारण पैसा नभएर कर्मचारीलाई तलब खुवाउन नसकेको बताउछन्।

फागुनदेखि कर्मचारीलाई तलब खुवाउन नसकेको भने उनले स्वीकार गरे। 'शिलाजीत र च्यवनप्राश बनाएर रु १० लाख पैसा जम्मा भएकाले केही दिनमा तलब खुवाउने तयारीमा छ, मन्त्रालयले पनि कारखानाले आफैं कमाएर खानुपर्छ भनेको छ, समितिका कर्मचारीले भने काम गर्न मन नै लगाएका छैनन्', निमित्त कार्यकारी निर्देशक यादवले भने।

विसं २०७९ असोज १४ गते निमित्त कार्यालय प्रमुख भएर आएदेखि नै उनी विवादमा छन्। असोजअघि पनि समितिका कर्मचारीले तीन महिनाको तलब एकैपटक पाएका थिए। त्यसबेला डा श्यामबाबु यादव निमित्त कार्यालय प्रमुख भएर आएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहयोगमा कर्मचारीले त्यसबेला तलब पाएका थिए। श्यामबाबुपछि मन्त्रालयले आयुर्वेद विभागका महानिर्देशकलाई नै समितिका कार्यकारी निर्देशकको जिम्मेवारीसमेत दिएको थियो। दुई हप्तामै मन्त्रालयले फेरि डा रामबाबुलाई नियुक्त गरेको हो। निर्वाचन आचार संहिता लागिरहेका बेला नियुक्त भई निमित्त कार्यालय प्रमुख भएर आएको भन्दै समितिका अधिकांश कर्मचारीले उनलाई स्वीकारेका छैनन्। निर्वाचन आयोगले मन्त्रालयलाई आचारसंहिता जारी भएका बेला भएको नियुक्ति खारेज गर्न आदेश दिए पनि कार्यान्वयन भएको छैन। निर्वाचन आचारसंहिता विपरीत यादवलाई निमित्त कार्यकारी निर्देशक नियुक्त गरेको भन्दै निर्वाचन आयोगले तत्कालीन मन्त्री भवानीप्रसाद खापुङलाई रु पाँच हजार जरिवाना गरेको थियो।

# तरभुजा बिक्रीबाट जीविकोपर्जन गर्दै वाणीवासी



**रासस**
**बेदकोट।**
महेन्द्र राजमार्ग छेउमै लहरै छन्, स-साना छाप्रा। अघिल्तिर भरिभराउ तरभुजा। किनमेल गर्नेको त्यस्तै भीडभाड। झट्ट हेर्दा राजमार्गमा 'तरभुजा मेला' लागेजस्तै देखिन्छ।

शुक्लाफाँटा नगरपालिका-११ वनहरा पुल क्षेत्रको यो दृश्यले महेन्द्र राजमार्ग भएर आउजाउ गर्ने यात्रुलाई आकर्षित गराएको छ। तरभुजा किन्न यात्रु सवारीसाधन रोकेर ओर्लिरहेका छन्। घाम छल्न त्रिपाल टाँगिएको छ। त्रिपालमुनि बसेर कोही ग्राहक कुरिरहेका छन्। कोही तरभुजा तौलिनमा व्यस्त देखिन्छन्। तरभुजाको मोलमोलाइ पनि चलिरहेकै छ।

यहीँ भीडमा तरभुजा बिक्री गरिरहेको भेटिए, कृष्णपुर नगरपालिका-२ वाणीका जगदेव राना। उनले वनहरा नदीको बगरमा पाँच कठ्ठा क्षेत्रमा तरभुजा खेती गरेका छन्। 'यो सिजनमा एक साता भयो तरभुजा बिक्री गर्न थालेको छ, अहिलेसम्म १५ हजार रुपैयाको बिक्री गरेँ', उनले भने, 'दैनिक एक हजार रुपैया देखि दुई हजारसम्मको बिक्री हुन्छ।'

जगदेवको परिवार नै बगरमा तरभुजा खेती गर्नमा खटिने गरेका छन्। बङ्की ५० वर्षीया नथ्थु बडायकले राजमार्ग छेउमा त्रिपाल थापेर तरभुजा बिक्री गर्न लागेको दुई दशक बितिसक्यो। अनडैया भन्ने ठाउँमा बस्ने उहाँ आरक्ष विस्तारका क्रममा विस्थापित भएका थिए। अनडैयाबाट विस्थापित भएपछि उहाँसँग खेतीपातीका लागि जमिन थिएन। त्यसपछि बगरमा तरभुजा खेती गरेर जीविकोपर्जन गर्दै आएको उनले बताए।

'कसैले जमिन पाए, कसैले पाएनन्, हामीले जमिन नपाएपछि यहाँ बस्दै आएका हौँ', उनले भने, 'खेतपातीका लागि जमिन छैन, सिजनमा बगरमा तरभुजा खेती गरेर जीवन धानेका छौँ।' वनहरा पुल क्षेत्रमा तरभुजा बेचेर जीविकोपार्जन गर्नेमा अधिकांश आरक्षपीडित रहेका छन्। अहिले राजमार्ग क्षेत्रको वनहरा पुल क्षेत्रमा ९० जनाभन्दा बढी तरभुजा बेचेर घर खर्च चलाइरहेका छन्।

गत चैत अन्तिम सातादेखि जेठसम्म तरभुजा बिक्री गर्ने गरेको उनीहरूको भनाइ छ। बङ्कै ४५ वर्षीय मानबहादुर चौधरी बिहान बगरबाट तरभुजा टिपेर दिनभर राजमार्ग छेउमा बिक्रीका लागि बस्छन्। 'सुरुमा घरमै खानलाई मात्रै तरभुजाको खेती गर्थौं, राम्रो आम्दानी हुन थालेपछि सात-आठ वर्षदेखि व्यावसायिकरूपमा खेती गरिरहेको छु', उनले भने, 'बर्खामा मजदुरी गरेर घर खर्च चलेको छ।'

उनका अनुसार प्रत्येक वर्षमा तरभुजा बिक्री गरेर ३० हजारदेखि ४० हजार रुपैयासम्म बचत हुने गरेको छ। 'छोराछोरीको विद्यालयको खर्च, राशनको जोहो सबै तरभुजा बेचेर आएको पैसाबाट हुन्छ', मानबहादुरले भने, "' ३० हजारदेखि ४० हजार रुपैयासम्म लगानी लाग्छ।'

मानबहादुरको परिवारका छ सदस्य नै खेतीमा जुट्ने गरेका छन्। माघदेखि बगरमा तरभुजा खेतीका लागि तयारी थालिन्छ। चैत अन्तिम साता तयार भएपछि तरभुजा बिक्रीका लागि बजारमा ल्याउने गरिन्छ। तरभुजा प्रतिकेजी २५ देखि ४० रुपैया सम्म बिक्री गर्ने गरिएको छ।

बेला-बेलामा वनहरामा आउने बाढीले खेतीमा नोक्सानी गर्ने गरेको नथ्थु बडायकले बताए। 'गत वर्ष बाढीले सबै बगायो, लगानी पनि असुल भएन', उनले भने, 'बाढीले नोक्सान नगरे सिजनमा राम्रै आम्दानी हुन्छ।'

# पाकिस्तानी आरोही सगरमाथाको चुचुरोमा



**रासस**
**काठमाडौँ ।**
थप दुई आरोही सगरमाथाको चुचुरोमा पुगेका छन् । आइतबार बिहान ८ः०२ बजे नेपाली र पाकिस्तानी आरोही सगरमाथाको चुचुरोमा पुगेका हुन् । सन् २०२३ को सगरमाथा आरोहणमा पहिलो अन्तर्राष्ट्रिय पर्वतारोही पाकिस्तानकी नैला कैनीले सफल आरोहण गरेका हुन् ।

त्यस्तै नेपाली आरोही पासाङतेम्बा शेर्पाले सगरमाथा आरोहण गरेका छन् ।

दुवै आरोही इमेजिन नेपाल ट्रेक्स एण्ड एक्सपिडिसन कम्पनीबाट आरोहणमा गएका थिए । कम्पनीका कार्यकारी निर्देशक दावाग्याल्जे शेर्पाले यो यामको सगरमाथा आरोहणमा पहिलो आरोहण महिला अन्तर्राष्ट्रि पर्वतारोहीबाट भएको बताए । उनका अनुसार अहिले कतिपय आरोही सगरमाथाको हिलारी स्टेप पुगिसकेका छन् भने धेरै आरोही साउथकोल र आसपास छन् । आइतबार साँझसम्म धेरै आरोही सगरमाथाको चुचुरोमा पुग्ने कार्यकारी निर्देशक शेर्पाले जानकारी दिए ।

वसन्त ऋतुको यो यामको सगरमाथा आरोहण शनिबारबाट सुरु भएको थियो । सगरमाथा आरोहणका लागि दक्ष कामदार (आइसफल डाक्टर)ले सगरमाथाको चुचुरोसम्म रोप फिक्सिङ (डोरी टाँग्ने) गरेपछि आरोहणको ढोका खुलेको हो । रोप फिक्सिङपछि पहिलो औपचारिक आरोहण सुरु भएको सगरमाथाको दोस्रो शिविरमाथिको बाटो बनाउने जिम्मा पाएको इमेजिन नेपाल ट्रेक एण्ड एक्सपिडिसन कम्पनीले जनाएको छ ।

यतिबेला सगरमाथाको आधार शिविर र दोस्रो शिविर आसपास आरोहणका लागि सयौँ सङ्ख्यामा आरोही प्रतिक्षारत छन् । पर्यटन विभागका अनुसार वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि ४४ आरोही समूहका चार सय ६७ जनाले अनुमति लिएका छन् ।

# वन डढेलो र आगलागी बढ्दै

**रासस**
**काठमाडौँ ।**
आगलागी तथा वन डढेलोका घटना बढ्दै गएको पाइएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्कानुसार यही वैशाख १ देखि ३० गतेसम्म देशभर पाँच सय २७ वटा आगलागी र ९४ वन डढेलोका घटना घटेका छन् ।

प्राधिकरणका अनुसार आगलागीमा ११ र डढेलोमा परेर पाँच जनाले ज्यान गुमाएका थिए भने ६५ जना घाइते भएका छन् । गर्मी बढेसँगै दैनिक आगलागी र डढेलोका घटना बढ्न थालेका र एक महिनामा आगलागी र वन डढेलोका छ सय २१ घटनामा मानवीयसँगै अन्य भौतिक तथा संरचनागत क्षति भएको प्राधिकरणका उपसचिव सुन्दरप्रसाद शर्माले जानकारी दिए ।

आगो तथा डढेलो लागेको देख्नेबित्तिकै पूर्वतयारीबिना निभाउन जाँदा घाइते हुने तथा ज्यानै जाने जोखिममा पर्ने भएकाले आगो तथा डढेलो फैलिएका बेला जोखिम नमोल्न र सुरक्षाको उपायबिना त्यस्तो ठाउँमा नजान उनले आग्रह गरे ।

यसैगरी जङ्गलमा लागेको डढेलो निभाउन पानीसँगै हरियो स्याउला, माटोको पनि प्रयोग गर्न सकिने भएकाले सोको प्रयोग गर्न प्राधिकरणले आग्रह गरेको छ । सकेसम्म आगो तथा डढेलो लाग्न नदिन चुरोटका ठुटा जथाभावी नफाल्न, आगो लागिसकेको ठाउँमा जलेका वस्तु माटोले पुरिदिन पनि प्राधिकरणको समुदायलाई आग्रह छ ।

# वर्षौंदेखि व्यवस्थापन समितिबिनै चलिरहेका छन् विद्यालय

**रासस**
**जनकपुरधाम ।**
छ वडा रहेको धनुषाको औरही गाउँपालिकामा १० सामुदायिक विद्यालय छन्, तर राजदेवी प्राथमिक विद्यालयबाहेक अन्यमा व्यवस्थापन समिति गठन नभएको वर्षौं भइसक्यो ।

जनकपुरधाम उपमहानगरपालिकाका ४९ मध्ये धेरैजसो सामुदायिक विद्यालय पनि वर्षौंदेखि व्यवस्थापन समितिबिना चलिरहेका छन् । जिल्लाका १८ वटै पालिकामा रहेका तीन सय ९५ सामुदायिक विद्यालयमध्ये मुस्किलले पाँचदेखि १० प्रतिशतमा मात्रै व्यवस्थापन समिति हुनसक्ने अनुमान जिल्ला समन्वय समितिको छ ।

विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनका लागि कुनै पनि अवस्थामा व्यवस्थापन समिति हुनुपर्ने शिक्षा ऐनको प्रावधानलाई बेवास्ता गरेर वर्षौंदेखि विद्यालय चलिरहँदा त्यसले गुणस्तरीय शिक्षण सिकाइ र वृत्तिविकासमा निकै समस्या भइरहेको सरोकारवालाले बताएका छन् ।

शिक्षक रामाशिष साहले निश्चित व्यक्तिले आफूलाई हुने लाभहानीको लेखाजोखा गरी गम्भीरतापूर्वक समिति गठनमा चासो नराखेकाले विद्यालयको मुख्य अभिभावकीय भूमिकामा रहने संरचना नै ओझेलमा परेको बताए । उनले स्थानीय तहले समिति बनाउन परिपत्र गरे पनि त्यसलाई कार्यान्वयन गर्न विभिन्न बहाना देखाएर पन्छिँदा कुनै निकास निस्किन नसकेको बताए ।

औरही गाउँपालिका वडा नं १ का स्थानीय राम उद्गार यादवले धेरै ठाउँमा स्थानीय जनप्रतिनिधि र राजनीतिकरूपमा सक्रिय अभिभावबीच स्वार्थ बाँझिदा समिति बन्न कठिनाइ उत्पन्न हुने गरेको सुनाए । 'कतिपय ठाउँमा वडाध्यक्ष नै समितिको अध्यक्ष हुनुपर्छ भनेर कार्यविधि बनाउनुपर्ने पक्षमा छन्, तर यसले अभिभावकको अधिकार हनन हुन्छ', उनले भने, 'अधिकारप्राप्त पक्ष र प्रभाव पार्न सक्ने व्यक्तिले आफ्नो अनुकूल समिति नबन्ने अवस्था आएमा अड्को थाप्ने गर्छन्, त्यसले गर्दा पाँच/सात पटक भेला भएर पनि समिति गठन नभएका उदाहरण छन् ।'

श्री रामजानकी मावि झिटकहियामा विसं २०७४ मा भएको स्थानीय तहबाट आएका जनप्रतिनिधिले समेत समिति बनाउन सकेनन् । समिति नभएपछि सो विद्यालयमा आव २०७७/७८ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत भवन निर्माणका लागि विनियोजित ३६ लाख रुपैया कार्यान्वयन हुन सकेन भने प्रदेश सरकारबाट आएको ३० लाख रुपैया 'फ्रिज' भयो । चालु आर्थिक वर्षमा पनि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको रु ४५ लाख बजेट व्यवस्थापन समितिको अभावमा कार्यान्वयन हुनसकेको छैन ।




समितिको अभावमा मावि र उमावितर्फ अनुदान कोटामा राख्न मिल्ने चार जना अत्यावश्यक शिक्षक शिक्षिकाको नियुक्ति रोकिएको छ । 'भौतिक पूर्वाधारदेखि बजेट निर्माण र परिचालन गर्न निकै कठिन भएको छ, कहिलेकाही हुने विवादलाई पनि जनप्रतिनिधि वा अदालतमै गएर सुल्झाउनुपर्ने बाध्यता छ, मैले नै चारवटा बैठक र तीनवटा अभिभावक भेला राख्दा पनि समिति गठन हुन सकेन', विद्यालयका प्रधानाध्यापक मदनकुमार महराले भने, 'सहमतिमा समिति गठन हुन नसके स्वच्छ निर्वाचन प्रक्रियाबाट टुङ्ग्याए पनि हुन्थ्यो, यसमा स्थानीय तहको सहमति अनिवार्यजस्तै छ, तर अहिलेसम्म निकास पाइएको छैन ।'

*'दैनिक पठनपाठन रोकिएको छैन, तर समिति नहुँदा कैयन कानुनी र व्यवहारिक समस्या सिर्जना हुन्छन्, समिति भए त सानातिना विवाद र अत्यावश्यक कार्य गर्न सजिलो हुन्थ्यो होला', साहुले भने, 'हामीलाई नै समिति गठन नगरेको आरोप पनि लाग्ने गरेको छ, तर शिक्षक वा प्रअले चाहँदा हुने र नचाहँदा नहुने अवस्था छैन, अभिभावक, राजनीतिक दल तथा ती दलबाट आएका जनप्रतिनिधिले सहयोग गरेमा मात्रै हामीले काम गर्नसक्ने हो ।'*

शङ्कर जनता मावि चक्करमा पनि विगत चार वर्षदेखि व्यवस्थापन समिति गठन हुनसकेको छैन । 'सातपटक बैठक तथा अभिभावक भेला बोलाएको हो, तर कहिले अभिभावक त कहिले जनप्रतिनिधिको कुरा मिल्दैन, त्यसले गर्दा समिति नै गठन गर्न सकिएको छैन', शिक्षक अजितकुमार चौधरीले दुःखेसो पोखे , 'समिति नबन्दा विद्यालय निमित्त प्रअको भरमा चलिरहेको छ, करिब एक हजार पाँच सय विद्यार्थी अध्ययनरत विद्यालयमा न नयाँ कर्मचारी भर्ती गर्न पाइएको छ न ६० वर्ष नाघेकालाई हटाउन सकिएको छ, त्यसैले अब निर्वाचन गराएरै भए पनि निकास दिनुपर्ने हो ।'

श्रीमावि औरहीका प्रधानाध्यापक रामचन्द्र साहुले निर्वाचनमार्फत व्यवस्थापन समिति गठन गर्दा पनि स्थानीय तहले कार्यविधि दिनुपर्ने तर अहिलेसम्म त्यसको व्यवस्था नभएको बताए । उनले विद्यालय व्यवस्थापन समिति नहुँदा आफ्नो विद्यालयमा उत्पन्न भएको विवादले १५ महिनासम्म तलब नै भुक्तानी गर्न नपाएको अवस्था स्मरण गरे ।

'दैनिक पठनपाठन रोकिएको छैन, तर समिति नहुँदा कैयन कानुनी र व्यवहारिक समस्या सिर्जना हुन्छन्, समिति भए त सानातिना विवाद र अत्यावश्यक कार्य गर्न सजिलो हुन्थ्यो होला', साहुले भने, 'हामीलाई नै समिति गठन नगरेको आरोप पनि लाग्ने गरेको छ, तर शिक्षक वा प्रअले चाहँदा हुने र नचाहँदा नहुने अवस्था छैन, अभिभावक, राजनीतिक दल तथा ती दलबाट आएका जनप्रतिनिधिले सहयोग गरेमा मात्रै हामीले काम गर्नसक्ने हो ।'

सङ्घीय संरचनामा गइसकेपछि स्थानीय तहमा पाँच वर्षीय कार्यकाल समाप्त भई अर्को कार्यकाल सुरु भएको पनि एक वर्ष बितिसकेको छ । अहिले जिल्ला शिक्षा कार्यालय छैन तर आफ्नो क्षेत्रका विद्यालयमा भौतिक सुविधाको बन्दोबस्त र गुणस्तरीय शिक्षण सिकाइको वातावरण निर्माण गर्न स्थानीय तहलाई नै जिम्मेवारी दिइएको छ । शिक्षा ऐनले गाउँपालिका वा नगरपालिकामा शिक्षा समिति र जिल्लामा समन्वय समिति प्रमुखको अध्यक्षतामा प्रमुख जिल्ला अधिकारीसहितको जिल्ला शिक्षा समिति बनाउनुपर्ने भनेको छ । यी समिति पनि सोचेअनुरुप सक्रिय हुनसकेका छैनन् ।

औरही गाउँपालिकाका अध्यक्ष उमाशङ्करप्रसाद साहले पटक-पटक आग्रह गर्दा पनि व्यवस्थापन समिति गठन हुन नसकेको धारणा राखे । साहले भने, 'कतिपय विद्यालयमा नौ/दश वर्षदेखि समिति छैनन्, मैले परिपत्र गरेको पनि पाँच महिना भइसक्यो, तर समिति गठन भएन, अब गाउँ शिक्षा समितिको बैठक बसेर एउटा निष्कर्षमा पुग्छौं ।'

जनकपुरधामका उपप्रमुख किशोरी साहले पनि जनप्रतिनिधि, विद्यालयका कर्मचारी र प्रअको मिलेमतोमा समिति बन्न नसकेको विषयमा गुनासो आउने गरेको बताए । 'उपमहानगरले पटकपटक समिति बनाउन परिपत्र गरेको छ, तर त्यसलाई पनि अटेर गर्ने काम भएको छ', साहले भने, 'अब स्थानीय अभिभाव जाग्नुपर्‍यो, दबाब दिनुपर्‍यो, उपमहानरपालिकाले पनि समस्या समाधान हुनेगरी चाँडै पहल गर्छ ।'

जिल्ला समन्वय समितिका प्रमुख एवं जिल्ला शिक्षा समितिका अध्यक्ष राजनन्दन मण्डलले अहिलेसम्म देखिएका समस्याको मुख्य कारण पहिचान गरेर त्यसको समाधान गरिने बताए । 'अभिभावकको संलग्नताबिना विद्यालय चलाउने कुरा कानुनले परिकल्पना गरेको छैन, समिति नबनेसम्म विद्यालय राम्रोसँग चल्न सक्दैन भनेर सबैले महसुस गरेका छौं, त्यसैले अब जे गर्दा निकास निस्किन्छ त्यो उपाय अपनाएर भए पनि निकास दिनुपर्छ', संयोजक मण्डलले भने ।

शिक्षा ऐन, २०२८ को दफा १२ क (२) मा समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले समिति गठन नभएसम्म व्यवस्थापन समितिको काम गर्न जिल्ला शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्ने अधिकार दिएको छ तर यस्तो अधिकारप्राप्त जिल्ला शिक्षा समितिले नै पूर्णता पाउन सकेको छैन । समन्वय प्रमुख एवं समितिका संयोजक मण्डलले प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरेर विद्यालयमा देखिने समस्या समाधानको पहल गरिए पनि समितिको पूर्ण बैठक बसेर काम हुननसकेकाले अब समितिलाई सक्रिय बनाउन पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

विद्यालय व्यवस्थापन समितिले गर्नुपर्ने काम, कर्तव्य र अधिकारको प्रष्ट व्यवस्था तथा समितिको अस्तित्व नहुँदा देखिएका समस्याबारे सरोकारवाला जानकार छन् । संविधानले स्थानीय तहलाई नै ऐन कानुन बनाएर आफ्नो क्षेत्रका विद्यालय सुधारको योजना बनाउनसक्ने अधिकार दिएको विषयमा पनि कुनै द्विविधा छैन । अब विद्यालयको सुव्यस्थित सञ्चालन र वृत्तिविकासमा महत्वपूर्ण भूमिका खेल्ने विद्यालय व्यवस्थापन समिति गठनको गाँठो फुकाएर समस्या समाधानमा ध्यान दिन जरुरी रहेको बताइन्छ ।

# अन्तर्राष्ट्रिय बजारमा नेपाली चलचित्र

**रासस**
**काठमाडौँ ।**
नेपालमा विदेशी चलचित्रले राम्रो कमाइ गरिरहँदा विदेशमा नेपाली चलचित्रले पनि आफूलाई अब्बल सावित गरिरहेको छ । गुणस्तरीय चलचित्र बनाउने मात्र होइन, विदेशमै छायाङ्कन गरेर त्यहीँ चलचित्र भवन (हल) मा प्रदर्शन भइरहेका छन् । नेपाली माटोको सुन्दरता र मौलिकता चलचित्रमार्फत देखाउने प्रयासमा चलचित्रकर्मी छन् ।

